# अध्याय एक

# १. परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

समाज भनेको महिला र पुरुषको संयुक्त संगठन हो । जसमा दुबै वर्ग स्वतन्त्र र समान रुपले जन्मन्छन् हुकर्न्छन र एक अर्काको सहयात्री भएर काम गर्दछन् । त्यसैले महिला र पुरुष दुवैलाई एक सिक्काको दुई पाटा हुन् भन्ने गरिन्छ । प्राचिन अवस्थामा महिला र पुरुष दुवैलाई जुनसुकै काम गर्न पनि समानता स्वतन्त्रता थियो । विस्तारै मानव विकासक्रम र सभ्यताको विकाससँसगै परिष्कृत बन्दै गएको मानवीय समाजमा महिला र पुरुषबीच स्तरीकरणको सुत्रपात भयो । त्यसपछि क्रमशः महिला र पुरुष बीचमा असमानताको ठूलो खाडल सिर्जना भयो । मानवीय सभ्यता र सृष्टिको निरन्तरताको लागि समाजका दुबै वर्ग महिला र पुरुषको समान र महत्वपूर्ण भूमिका रहन्छ । वैदिक कालमा नारीलाई पनि शिक्षा प्राप्त हुने गर्दथ्यो । (लैङ्गिक समविकास शिक्षा, २०६७)

महिलाको स्थिति र भूमिकाबारे विश्वको इतिहासलाई हेर्ने हो भने विश्वका प्रायजसो राष्ट्रहरुमा महिला र पुरुषबीच निकै विभेद रहेको पाइन्छ । लैङ्गिक असमानताको स्थिति विश्वव्यापी रुपमा नै रहेको छ । विकसित राष्ट्रको तुलनामा अल्पविकसित राष्ट्रका महिलाहरुको पँहुच सामाजिक आर्थिक शैक्षिक र राजनैतिक आदि सबै क्षेत्रहरुमा न्यून रहेको पाइन्छ । अझ दक्षिण एसियाली राष्ट्रका महिलाहरुको अधिकार र हकबारे समाजको दृष्टिकोण संकुचित र स्वार्थी रहेको हुनाले समाजमा लैङ्गिक दृष्टिकोण भेदभावपूर्ण नै पाइन्छ ।

स्त्री वा महिला आदि शब्दलाई प्राचिन आदर्श र मान्यतामा उच्च र विस्तृत ढङ्गले लिएको पाइन्छ प्राचिन कालमा महिलाको मान्यतालाई माता, प्रमाता, दुर्गा र सरस्वती आदिको रुपमा राखेर पूजा गर्ने परम्परा थियो भने समय वित्दै जाँदा अनेकौ मूल्य र मान्यताहरु बन्दै र बललिदै गए । नारीको प्राकृतिक दायित्व सन्तान उत्पादन

क्रियाले महिलाको सामाजिक भूमिका र पुरुषको सामाजिक भूमिकामा अन्तर बढ्दै गयो । यहि फरकपनाले सामाजिक भूमिकामा अन्तर बढ्दै गयो । यहि फरकपनाले सामाजिक दायित्व र भूमिकाहरु जटिल हुँदै जाँदा सामाजमा हरेक क्षेत्रमा पुरुष प्रधान र महिला सहायक मानिन थालिए ।यसरी नारीको आफ्ना अस्तित्व र यथार्थ पहिचान टाढा हुँदै गयो । (श्रेष्ठ, २०६६)

नेपाली समाजमा कामकाजी महिलाको भूमिका कार्यालय र घरपरिवारमा बाँडिएको छ । सरदर कामकाजी महिलाले १६ घण्टा काम गर्छन् भने कामकाजी पुरुषले १० घण्टा काम गर्छन् । कुल जनसंख्याको आधा हिस्सा ओगट्ने महिलाहरु प्रायजसो आफ्ना हक र अधिकारबाट बञ्चित छन् । घरधन्दा यस्तो एउटा संस्थाको रुपमा परिचित छ। जहाँ महिलाहरु अत्याधिक रुपमा शोषित पिडित र स्रोत साधनबाट बञ्चित  अवस्थामा छन् । महिलालाई अशक्त अवाला असक्षम कमजोरी आदि उपनाम दिइन्छ  जसले महिलालाई पुरुषको अनुपातमा पछाडी पार्ने काम गर्दछ र महिलालाई जहिले पनि दोस्रो दर्जाको रुपमा व्यवहार गरिन्छ । (लैङ्गिक समविकास शिक्षा, २०६६)

महिलाहरुको उत्थानको लागि राष्ट्रिय संयन्त्रका साथै राष्ट्रिय र अन्तराष्ट्रिय महिला राजनीतिज्ञ र महिला अधिकारवादीबिच समन्वय स्थापित भएको छ । यसले गर्दा अन्तराष्ट्रिय स्तरमा नै सरकारी र गैर सरकारी क्षेत्रमा समेत महिलाहरु नीति निर्माण तहका साथै सबै तहहरुमा महिला पुग्नुपर्दछ भन्ने कुरालाई स्विकारेको छ । धेरै देशहरुमा कोटा, आरक्षण र विशेष व्यवस्थाद्धारा महिलालाई माथिल्लो तहमा पुऱ्याएका छन् । महिलालाई माथिल्लो तहमा पुऱ्याएका छन् । महिलालाई नेतृत्व विकास तालिमहरु दिएर पारिवारीक र कामको दायित्व सम्बन्धमा महिला र पुरुषबिच समन्वय कायम गरेका छन् । (कोइराला र आचार्य, २०६१)

दोस्रो तीन वर्षिय अन्तरिम योजना २०६४/०६६ मा समेत लैङ्गिक समानताको पक्षमा अभिव्यक्त प्रतिबद्धताहरुलाई कार्यान्वयन गर्ने प्रयासलाई निरन्तरता दिने उल्लेख भएको छ । लैङ्गिक मूलप्रवाहीकरणलाई योजनकारहरुले आफ्नो उत्तरदायित्वको रुपमा

लिएर विभिन्न योजनाहरु समेत अन्तरिम योजनामा समावेश गरिएको छ । लैङ्गिक समानताको क्षेत्रमा सकारात्मक परिवर्तन आएको भएतापनि अपेक्षा अनुरुपको प्रगति हेर्न बाँकी नै छ । महिलाहरुको क्रियाशीलता सहभागिता वृद्धि गर्नुपर्ने क्षेत्रभित्र नेपालका सुरक्षा निकायहरुलाई समेत समेट्नु पर्ने देखिन्छ । (निरौला, २०६६)

महिला र पुरुषबीचको विभेद विश्वभरी नै स्पष्ट रुपमा देखा परेको छ । पुरुषहरु भन्दा महिलाहरुको शिक्षाको स्तरमाथि भएका अधिकांश युरोपेली तथा उत्तरी अमेरीका जस्ता मुलुकहरुमा सार्वजनिक जीवनका क्षेत्रमा अन्य विपन्न भूभागका महिलाहरु भन्दा ज्यादै कम सहभागी हुन्छन् ।

गत आधा शताब्दिभन्दा पनि अगाडि देखि संयुक्त राष्ट्र संघले महिलाहरुलाई पुरुष सरह सवै क्षेत्रमा समान अवसर प्रदान गर्ने विषयमा अग्रसर रहेको पाइन्छ तर पनि महिला र पुरुषबीच धेरै असमानता रहेको छ । दक्षिण एशियाली नरनारी तथा केटाकेटीको जीवन दयनीय, गरिवी, विवशता तथा असामयिक निधनले कोरिएको छ । झन् दक्षिण एसियाली बालिकाहरुको अवस्था त अझै दयनीय छ जसलाई खानपान देखि लिएर शिक्षा, स्वास्थ्य, स्याहार, सुसार र पैतृक सम्पत्ति सबैको हकमा पक्षपात गरिएको छ । उनीहरुको कामको बोझ सवैभन्दा बढी छ ।

महिलाहरुलाई रोजगारका अवसरमा मात्र होइन मजदुरीमा पनि पक्षपात गरिन्छ । धेरैजसो महिलाहरु अनौपचारिक क्षेत्रमा मात्र सिमित छन् । जहाँ ज्यालादर कम छ, काम गर्ने समय बढी छ, आय आर्जनको न्यून अवसर र सम्पत्ति माथिको अधिकारको अभावको कारणले पारिवारीक आयको बाडफाँड सम्बन्धि निर्णयहरुमा महिलाहरुको सुनुवाई हुँदैन, शिक्षा सीप विकास, स्वास्थ्य आदिमा महिलाको स्थिति न्यून छ । आयमूलक रोजगारका अवसरहरु व्यवसायिक काममा सहभागिता र राजनैतिक प्रक्रियाको मूल प्रवाहमा महिलाहरुको पहुँच नकारिएको छ । (संयुक्त राष्ट्रसंघिय विकास कार्यक्रम, सन्, २००१)

## १.२ समस्याको कथन

देशको आधा जनसंख्या भएका महिलाहरुको प्रतिनिधित्व र सहभागिता पुरुषको दाजोमा हरेक क्षेत्रमा कम रहेकोले राष्ट्रको सामाजिक आर्थिक राजनैतिक विकासको मूल प्रवाहबाट उनीहरु अलग्गिएका छन् । नेपाली समाजमा शुरुदेखि नै पितृसतात्मक समाजको अस्तित्व रहेको छ । हिन्दु धर्मका आदर्शले समाजलाई प्रभाव पारेको हुनाले समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकको रुपमा स्थापित गरेको छ । नेपाली नागरिकको हैसियतले राज्यको तर्फबाट पाउने नागरिकता तथा परिचयपत्र आदिमा आमाको नाम उल्लेख गर्न नपाइने जस्ता व्यवस्थाबाट पनि लैङ्गिक असमानता सिर्जना भएको र महिलालाई दोस्रो श्रेणीमा राखेको छ । पितृसतात्मक सामाजिक संरचनाले गर्दा जन्मेदेखि मृत्यु पर्यन्त जीवनका हरेक पाइलामा छोरा छोरीबिच लिङ्गभेद विद्यमान रहेको छ । यसप्रकार महिलाहरुको सामाजिक स्तर घरभित्र र परिवार बिचमा नै पक्षपात देखिन्छ । (जीवनस्तर मापन सर्वेक्षण, २०६०/०६१)

नेपालमा शहरीकरण बढ्दै गइरहेको छ । रोजगारीका अवसर शिक्षा स्वास्थ्य आदि आर्थिक तथा समाजिक कारणबाट महिलाहरु शहरतिर बढी आकर्षित रहेका छन् । शहरी क्षेत्रमा स्थायी र अस्थायी रुपमा बसोबास गर्ने महिलाहरुलाई श्रीमानको कमाइले मात्र सम्पूर्ण भौतिक सुविधा जुटाउन गाह्रो पर्छ गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले हाल शहरी क्षेत्रमा थुप्रै निजी विद्यालयहरु खुलेका छन् । यस्ता निजी विद्यालयहरुमा महिला शिक्षिका शिक्षिका र पुरुष शिक्षकहरु उत्तिकै कार्यरत रहेको भएतापनि पुरुष र महिला शिक्षक शिक्षिकालाई फरक फरक व्यवहार गर्ने गरिन्छ ।

शिक्षा जीवनको प्रगति उन्नति एंव विकासका लागि अपरिहार्य बस्तु हो । शिक्षा नै महिलाहरुको सामाजिक तथा आर्थिक अवस्था सुधार्ने प्रमुख आधार हो तर शैक्षिक क्षेत्रमा महिलाहरुको उपस्थिति पुरुषको तुलनामा निकै असमान रहेको छ । प्राथमिक क्षेत्रको शिक्षण पेशमा बढी अवसर दिइने निति नेपाल सरकारले अपनाएको भएतापनि प्राथमिक लगायत निम्न तथा माध्यमिक तहहरुमा शिक्षण क्षेत्रमा महिलाहरुको सहभागिता कम

रहेको छ । सन् १९९० को दशकबाट शिक्षाका लागी प्रारम्भ गरिएका शैक्षिक पृष्ठभूमिले यति लामो समयको फड्को मारिसक्दा पनि महिला साक्षर प्रतिशतमा केहि सुधार भएतापनि सोचेजतिको प्रतिफल प्राप्त गर्न नसक्नुलाई गम्भीर चुनौतिको रुपमा लिइएको छ । (शिक्षा विभाग, २०६४)

यि माथिका समस्याहरुलाई मध्यनजर गर्दै अर्घाखाँची जिल्ला सन्धिखर्क नगरपालिका वडा नं. १ क्षेत्रमा निजी विद्यालयहरुमा कार्यरत महिला शिक्षिकामाथि केन्द्रित छ । यि शिक्षिकाहरुको सामाजिक आर्थिक क्षेत्रमा निर्णय अधिकार के कस्तो छ भन्ने बारेमा गरिएको केही खोज प्रश्न निम्न छन् ?

१. निजी विद्यालयहरुमा कार्यरत महिला शिक्षिकाहरुको सशक्तिकरणमा कस्तो भूमिका रहेको छ ?
२. यि शिक्षिकाहरुको निर्णय प्रक्रियाको भूमिका कस्तो रहेको छ ?
३. महिला शिक्षिकाहरुको निर्णय अधिकारमा कुन-कुन तत्वहरुले भूमिका खेलेका हुन्छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सन्धिखर्क नगरपालिका वडा नं. १ अर्घाखाँचीका महिला शिक्षिकाहरुको सशक्तीकरण र निर्णय निर्माणमा खेलेको भीमकाका बारेमा विशेष महत्व राखेर खोजी गर्नु यस अध्ययनका मुख्य उद्देश्य हो ।

१. निजी क्षेत्रमा कार्यरत महिला शिक्षिकाहरुको शसक्तिकरणको अवस्था थाहा पाउनु ।
२. निजी क्षेत्रका विद्यालयहरुमा कार्यरत महिला शिक्षिकाहरुको निर्णय अवस्था थाहा पाउनु ।
३. निजी विद्यालयमा कार्यरत महिला शिक्षिकाहरुको सशक्तिकरण र निर्णय निर्माणमा प्रभाव पार्ने तत्वहरु बोध गराउनु ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनको महत्व सन्धिखर्क नगरपालिका वडा नं. १ अर्घाखाँची क्षेत्रमा नीजि विद्यालयमा कार्यरत शिक्षिकाहरुको बारेमा उनीहरुको शसक्तिकरण र निर्णय निर्माणबारे केही जानकारी गराइ यस विषयमा जान्न र अध्ययन गर्न इच्छुक व्यक्तिलाई सघाउन पुऱ्याउने छ ।

१. निजी विद्यालयम कार्य गर्ने महिलाहरुको निर्णय निर्माणको अवस्थाबारे बोध गराउन सघाउ पुऱ्याउने छ ।
२. राज्यले महिला शसक्तिकरणका कार्यक्रमहरु सञ्चालन र नीति निर्माण गर्ने कार्यमा सहयोग पुग्न सक्नेछ ।
३. यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताको लागि सघाउ पुऱ्याउने छ ।

## १.५. अध्ययनको संगठन

प्रस्तुत शोधपत्रको रूपरेखामा छ अध्यायमा संरचित छ । अध्याय एकमा शोधको परिचय राखिएको छ । जसअन्तर्गत पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको महत्व अध्याय दुईमा सन्दर्भ साहित्यको अध्ययन, महिला सशक्तीकरण, शैक्षिक स्थिति, महिला सम्बन्धी फरक दृष्टिकोण रहेको छ । अध्याय तीनमा जसमा अनुसन्धान पद्धती, अध्ययन क्षेत्रको छनौट र यसको औचित्य, अनुसन्धान ढाँचा, नमुना छनौट, तथ्याङ्कको प्रकृति र स्रोत, तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण र अध्ययनको सीमा रहेको छ । अध्याय चारमा तथ्याङ्को संकलन, प्रस्तुतिकरण र विश्लेषण रहेको छ । त्यसैगरी अध्याय पाँचमा महिला सशक्तीकरण र निर्णय निर्माणमा खेलेको भुमिका रहेको छ भने अध्याय छ मा सारांश निष्कर्ष रहेको छ । अन्त्यमा सन्दर्भसूची रहेको छ ।

# अध्याय दुई
# २. सन्दर्भ साहित्यको अध्ययन

यस अध्ययनमा पूर्ववर्ति साहित्यहरुको समिक्षा गरिएको छ, व्यवहारिक अध्ययनबाट प्राप्त भएका निष्कर्षहरुलाई विभिन्न उपशीर्षकमा राखी विवेचना गर्ने प्रयास गरिएको छ ।

## २.१ महिला सशक्तिकरण

सामान्यतया सशक्तीकरण भन्नाले शक्ति सहितको भन्ने बुझिन्छ । अर्थात् सशक्तीकरण शब्द भित्र पनि अन्तरानिहित रहेकोले यसले शक्ति एवम् प्रक्रियालाई जनाउँछ । शक्ति सम्पन्न हुने गुण लिएर जन्मेको मानिसलाई शक्ति सम्पन्न बनाउने, विभिन्न वाधा तथा अवरोध र नियन्त्रणका कारण सशक्त बन्ने अवसरबाट वञ्चित भएका र तुल्याइएकाहरूलाई विभिन्न पक्षमा पहुँच वृद्धि गर्ने अर्थात् असमान शक्ति सम्बन्धलाई समान शक्ति सम्बन्धमा रूपान्तरण गर्ने प्रक्रिया हो । अनि सशक्तीकरण एउटा यस्तो प्रक्रिया हो जसले मानिसमा अन्तरनिहित जीवनलाई जागृत गराउँछ । यसले मानवीय जीवनलाई गतिशील बनाउँछ । सशक्तीकरण समाजमा रहेका कुसंस्कार कुरीति, विभेदको अन्त्य गरी समानतालाई उन्मुख हुने प्रक्रियाहरू हो । स्वावलम्बन वृद्धि, सञ्जाल निर्माण, साँगठनिक सशक्तता, लबिङ्ग जस्ता प्रक्रियाहरू सशक्तीकरणमा समावेश भएका हुन्छन् । महिला पुरषबीच स्रोत र साधनमा रहेका असमानता सामाजिक सांस्कृतिक असमानता, विभेद तथा परम्परागत र अव्यवस्थित समग्र साँगठनिक स्वरूपलाई समानता र न्यायिक आधारतर्फ रूपान्तरण गर्ने प्रक्रिया सशक्तीकरण हो ।

नेपालको परिवेशमा सशक्तीकरण प्रक्रियाले आर्थिक अवसरहरू तथा स्रोतहरूमा महिलाको पहुँच वृद्धि गर्ने जस्तै रोजगारी, साख भूमि, प्रविधि त्यसैगरी स्वास्थ्य सेवा सुविधाहरू उपलब्ध गराउने महिला संगठनद्वारा महिलाको राजनीतिक शक्ति वृद्धि गर्ने विभिन्न कानुनी विभेद हटाउँदै कानुनी रूपमा महिलालाई सशक्त बनाउने, दमनका विभिन्न स्वरूपहरू जस्तै धार्मिक, आर्थिक सांस्कृतिक पारिवारिक कानुनी अभ्यासहरूप्रति

महिला सचेतना वृद्धि गर्ने, विभिन्न आत्मनिर्भरता बढाउने कार्यक्रमहरूमा पहुँच बृद्धि गर्ने जस्ता कार्यहरू सञ्चालन गर्न सकिन्छ । (अर्याल, २०६८ : ४८)

मानव सभ्यताको उषाकालमा रहेको मातृसतात्मक पारिवारीक रुप मानव सभ्यताको विकाससँगै पितृसतात्मक पारिवारिक स्थितिले महिलाहरुलाई थिचोमिचोमा पार्दै गयो सामाजिक परम्परा धर्म संस्कृतिले पनि महिला र पुरुषबिचमा सामाजिक र लैङ्गिक विभेद सृजना गरिदिएको छ । सामाजिक नितिनीयम मूल्य मान्यता आदर्श र धार्मिक दृष्टिकोणले समेत महिलाहरुलाई उपेक्षित तथा निरुत्साहित गरेको छ । मनुस्मृतिमा पतिलाई देवतुल्य मान्न लगाएर नारीका सबै अधिकार हरण गरियो । संसारमा निति पनि अध्यात्मवादी दर्शन र धार्मिक प्रणालीमा सृष्टिकर्ता पुरोहित पुरुष नै रहेका छन् वास्तविक शक्तिशाली नारी व्यवहारमा कोही पनि देखिएनन् पुरुष भन्ने जहाँ पनि अवतार राजा ठूला ठालूका रुपमा प्रत्यक्ष हैकम चलाएर देखा पर्दै आए । (सापकोटा, केशवराज, २०६६)

परिवारमा महिलाको स्थान दोस्रो दर्जाको श्रेणिमा राख्ने प्रचलन छ । निर्णय प्रक्रियामा महिलाहरुले महत्वपूर्ण भूमिका राख्दछन् तर घरबाहिर भने निर्णय प्रक्रियामा मान्यता महिलाको नभई पुरुष हुने प्रचलन व्याप्त छ । (पाण्डे, २०६१)

विकासको तेस्रो लहर जसमा महिला उत्थानका लक्षणहरु देखिन्छन् । यसमा महिला पुरुष दुवैको लागि यो अनिवार्य छ कि महिला तथा पुरुष भनिने मूल्यहरुमा योगदान बृद्धि गरुन् अर्थात पुरुषले घर र परिवारको हेरचाहमा आफ्नो योगदान बृद्धि गर्दै जाउन तथा महिलाहरु पनि घरधन्दा भन्दा बाहिरका कार्यमा आफ्नो सक्रियता बढाउँदै लग्न सकुन । (आशिमा, २००८, ३३)

राष्ट्र र समाज निर्माणमा सबै क्षेत्रका सबै समूह महिलाहरुले पुरुष सरह नै समान भूमिका निर्वाह गर्न सक्छन् यसको लागि महिला वर्ग सक्षम हुनुपर्दछ भन्ने भावनात्मक मानसिक परिवर्तनका व्यवहारिक कार्यक्रहरु ल्याइनुपर्दछ । (दाहाल, २०५७)

महिला र बालबालिकाहरु कम्तीमा ६ वटा कारणले गर्दा पुरुषहरुभन्दा पछि पर्छन् ।

१. शिक्षामा पक्षपात

२. केही अघिसम्म महिलाको सम्पत्तिको स्वामित्व र उत्तराधिकारीमा सीमितता

३. कमजोर स्वास्थ्य खासगरी प्रजनन स्वास्थ्यका क्षेत्रमा

४. श्रमबजार रोजगारी र उत्पादनशील सम्पदा वा स्रोत साधनमा न्यून पहुँच

५. लिङ्गमा आधारित हिंसा र

६. निर्णय प्रक्रियामा उचित प्रतिनिधित्वको अभाव (मा.वि.प्र.सन्, २००९)

नेपाली समाजमा लिङ्गमा आधारित विभेद व्यापक रुपमा फैलिएको छ । यसले जुनसुकै आर्थिक स्तर, जातजातियता, वा क्षेत्रिय सम्वद्धता भएका सबै महिलालाई प्रभावित पार्दछ । पितृसतात्मक सोचाई नेपालको सामाजिक, सांस्कृतिक प्रचलनमा मात्र होइन बरु महिला र बालबालिकाहरुको जीवनको सबै पक्षलाई छिचोल्ने गरी यसको शासन प्रणाली र कानूनी ढाँचामा समेत समेटिएको छ । पितृसत्ता समाजिक धरातलमा पनि व्याप्त छ । (ने.मा.वि.प्र, सन्, २००९)

विश्वव्यापि रुपमा लैङ्गिक भन्नासाथ सामाजिक, सांस्कृतिक रुपले निर्माण भएको अवधारणा हो र हरेक समाजमा महिला पुरुषले निर्वाह गर्नुपर्ने भूमिका फरक फरक निर्धारण गरिएको हुन्छ । समाजद्धारा निर्मित सामाजिक लिङ्ग, जन्मजात विभेद भएर आएको होइन महिलालाई अधिनस्थ गराउने पितृसतात्मक सामाजिक संस्थाको सोच हो । (भासिन, सन् २००२)

## २.२ शैक्षिक स्थिति

सन् १९७० दशकको सुरुमा निर्णय प्रक्रियामा महिलाहरुको पनि संलग्नता रहनुपर्छ भन्ने मान्यता अगाडी आयो जसलाई Wide Approach भनिन्छ । यस Approach मा महिला शिक्षाको क्षेत्रमा पनि जोड दिएको थियो । सन् १९७५ मा मेक्सिको सिटीमा प्रथम

अन्तराष्ट्रिय महिला सम्मेलन सम्पन्न भएको थियो । जसमा पनि महिला शिक्षालाई जोडदार रुपमा उठाइएको थियो । सन् १९७० को उत्तरार्द्धमा आएर Wide Approach देखापऱ्यो । यसले महिलाले उत्पादन कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गरी राष्ट्रिय अर्थतन्त्र मजबुत पार्न सक्दछन् । तर तिनीहरुको उत्पादनशील स्रोतमा कम पहुँच छ त्यसैले गरिबी निवारण केन्द्रमा महिला रहनुपर्छ भन्ने मान्यता अगाडी सारेको पाइन्छ । सन् १९८० को दशकमा GAD Approach देखापऱ्यो जसले प्रत्येक कार्यलाई लैङ्गिक अवधारणाबाट विश्लेषण गर्नुपर्ने अनिवार्य ठानियो । सन् १९५५ मा चीनको राजधानी बेइजिङमा बृहत महिला सम्मेलन समापन भएको थियो । नेपालले समेत भाग लिएको यस सम्मेलनले शिक्षामा महिलाको पहुँच बढाउने र स्कुल जानुबाट छुटेकालाई विशेष शैक्षिक व्यवस्था गर्ने प्रतिबद्धता जाहेर गरेको थियो । यस सम्मेलनले महिला विकासका १२ वटा अवरोध क्षेत्रको पहिचान गरी उक्त अवरोध हटाउन विभिन्न कार्यक्रमहरुको कार्यान्वयनमा उल्लेख गरेको छ । जसमा महिलाको निम्ति शिक्षा र तालिम दोस्रो नम्बरमा परेको छ ।

क. महिलाको शिक्षाको समान अवसर दिलाउने ।

ख. महिला निरक्षरता निर्मूल गर्ने ।

ग. व्यावसायिक तालिम विज्ञान र प्रविधिमा महिलालाई अवसर प्रदान गर्ने व्यवस्था गरिएको छ । (अर्याल, २०६४)

सन् २००६ को अप्रिल २६/२८ मा विश्वका शिक्षासम्बन्धी विशेषज्ञहरुको एउटा भेला सिनेगलको डकारमा भएको थियो । जसमा १८८ देशको सहभागिता रहेको उक्त भेलाले सन् २०१५ सबैको लागि शिक्षाको घोषणा गरेको छ । ( युनेस्को सन्, २०००)

राष्ट्रिय रुपमा ल्याइएका शिक्षाका नाराहरु यसप्रकार छन् ।

२०५९ 'आदर्श शिक्षणका चार चरण शक्ति, सहिष्णुता, सदाचार र रोजगार'
२०६० 'शिक्षालाई शान्ति क्षेत्र बनाऔँ गुणात्मक शिक्षाको विस्तार गरौँ'
२०६२ 'शान्ति सबैको इच्छा गुणस्तरीय रोजगारमूलक शिक्षा ।'

युनेस्को आवद्ध स्कूल आयोजनाहरुमा १६२ देशमा ५७०० विद्यालय संलग्न छन यो आयोजना विश्व समुदायमा सँगै बसौँ सँगै बाँचौ भन्ने सिकाउनमा शिक्षाको भूमिका अभिवृद्धि गर्नका लागि उपाय र साधनहरुको विस्तार गर्ने अन्तराष्ट्रिय सञ्जाल हो । १६९ संयुक्त राष्ट्रसंघिय प्रणालीका धेरैजसो अंग विभिन्न किसिमका शैक्षिक तथा तालिम कार्यक्रममा तथा लगानी र तिनको विकासमा संलग्न छन् । यसमा परम्परागत आधारभूत शिक्षादेखि सार्वजनिक प्रशासन कृषि तथा स्वास्थ्य सेवा जस्ता मानव संसाधन विकास र HIV/AIDS लागू पदार्थ परिवार नियोजन एंव अन्य धेरै विषयमा जनचेतना ल्याउने सम्मका कार्य पर्दछन् । उदाहरणका लागि युनिसेफले आफ्नो वार्षिक कार्यक्रम खर्चको १४ प्रतिशत शिक्षामा खर्च गर्छ त्यसमा पनि विशेषतः आधारभूत तथा बालबालिकाहरुको शिक्षामा । (संयुक्त राष्ट्रसंघिय विकाश कार्यक्रम, सन् २००९)

देशको आधा जनसंख्या ओगटेको महिला समूहमा ७० प्रतिशत निरक्षर छन् । प्राथमिक विद्यालय जाने उमेरका ६० प्रतिशत केटीहरु विद्यालय आएकै छैनन् । माध्यमिक, उच्च माध्यमिक तहसम्म पुग्दा धेरै केटीहरुले विद्यालय छोडिसकेका हुन्छन् । विश्वविद्यालय शिक्षा पाउने महिलाहरुको संख्या त नगन्य नै छ । छोरीलाई अरुको नासो भनेर वेवास्त ागर्नै चाडै विहे गरिदिने विद्यालय आइहाले पनि अनेकन विकृत संस्कारका सबै कारणले गर्दा शैक्षिक दृष्टिकोणले अनुभव र कतिपय अध्ययन अनुसन्धानबाट महिलाहरुलाई सशक्तिकरण गर्ने शिक्षा दिक्षाका लागि सुदृढ र ठोस नीति विशेष कार्यक्रमको आवश्यकता परेको छ । (ने.शि.आ., वि.सं. २०५९)

शिक्षा एउटा दियो हो जसले अन्धकारलाई हटाई उज्यालो बनाउँछ । एक पुरुषको शिक्षा त्यहि व्यक्तिलाई नै हो भने नारी शिक्षा एउटा त्यस्तो दियो हो जसले सम्पूर्ण

परिवारलाई नै उज्यालो बनाउँछ, त्यसकारण महिलाहरुको लागि शिक्षा नितान्त आवश्यक हुन्छ । (आचार्य, वि.सं. २०६६)

शिक्षाले महिलालाई ज्ञान सीप र आत्मविश्वास प्रदान गर्छ जसका आधारमा विकासात्मक कार्यमा सलंग्न हुन मद्दत गर्दछ । शिक्षा महिला र पुरुष दुवैको लागि लाभदायक हुन्छ महिला शिक्षामा लाग्ने मान्छे भन्दा पनि बढी समाजलाई प्रभाव पार्दछ । (वाग्ले, वि.सं. २०६३)

नीजि विद्यालय भन्नाले सरकार वा सरकारको कुनै पनि पनि नीकाय वा स्वामित्वमा भएका संघ संस्थाहरुले बाहेक नीजि लगानीमा संघ संस्था व्यक्ति वा समूहले सरकारसँग साल बसाली आर्थिक अनुदान नलिई सञ्चालन भएको पूर्व प्राथमिक देखि उच्च माध्यमिक विद्यालय सम्मको विद्यालय सम्झनु पर्छ । नेपालमा अहिले यस प्रकारका नीजि क्षेत्रमा सञ्चालित विभिन्न शिक्षण संस्थाहरु छन् । (ने.शि.आ. वि.सं.२०५९)

६० भन्दा बढी देशमा सञ्चालित युनिसेफको विश्वव्यापि बालिका शिक्षा कार्यक्रमले राष्ट्रको शिक्षा प्रणालीलाई लैङ्गिक हिसाबले संवेदनशील बनाउन तथा केटा र केटी दुबैलाई समान र गुणस्तरीय शिक्षा उपलब्ध गराउन निर्देशित राष्ट्रिय तथा विश्वव्यापि साधन स्रोतबिच सम्पर्क स्थापित गर्दछ । (संयुक्त राष्ट्रसंघिय विकश कार्यक्रम, सन् २००५)

## २.३ महिला सम्बन्धि फरक फरक दृष्टिकोण

**१. मार्क्सवादी दृष्टिकोण** : यस दृष्टिकोणले मार्क्सवाद र उदार महिलावादलाई संयोजन गरेर हेर्दछ । जसअनुसार मार्क्सवादले वर्ग विश्लेषणको कुरा गर्दछ र उदार महिलाबादबाट लैङ्गिक दमन र शोषणलाई लिन्छ ।

मार्क्सवादीहरु उत्पादन व्यवस्था वा प्रणालीको विकाससँगै सामाजिक सास्कृतिक प्रणालीमा त्यसको प्रभाव पर्दछ भन्ने ठान्दछन् । यसैसन्दर्भमा मार्क्सवादी महिलाबादले पुँजीवादमा

महिलाको श्रमको शोषण र अवमूल्यन भएको यस अर्थमा ठान्दछकी नीजि सम्पत्तिको विकाससँगै उत्पादन व्यवस्थामा पुरुषका सहयोगीका रुपमा महिलाको परिभाषा मात्र गरिएन यस सन्दर्भमा सम्पत्तिको निरन्तर हस्तान्तरण र सम्वर्द्धनका लागि छोरा जन्माउने बस्तुका रुपमा पनि महिलालाई लिन थालियो महिलाहरु घर भित्रकै धन्दामा सीमित गरिए यात कमसल कार्यमा कम ज्यालामा लगाइए । यसलाई बलियो बनाउन कार्य समाजमा रहेको पितृसत्ताले गऱ्यो । जुन पितृसत्ताको विकास पनि खास गरी नीजि सम्पत्तिको माथिको मानविय दृष्टिको विकाससँगै भएको हो ।

२. **परिनिर्भरताको दृष्टिकोण** : यस दृष्टिकोणले मार्क्सवादी विचारलाई प्रत्याभूत गरेको छ । महिलाको स्थितिलाई पनि यही दृष्टिकोणले हेर्दा हाम्रो देशमा हिन्दु समाजको बाहुल्यता रहेको कारणले गर्दाखेरी नै महिलाहरु पुरुषमाथि निर्भर रहेको पाइन्छ । नेपाली विद्यमान समाजमा महिलाहरुको चेतनामा वृद्धि हुँदै गएकाले आफै सक्षम हुनेक्रम वृद्धि भएपनि हालसम्म सामाजिक, सांस्कृति मान्यता आधारमा परनिर्भर पक्षको रुपमा रहेको अवस्था छ ।

३. **संरचनात्मक दृष्टिकोण** : समाजशास्त्री Emile Durkkcim द्वारा अध्ययन पद्धतिको रुपमा विकसित गराइएको यस दृष्टिकोणलाई Malinowaski तथा अमेरिकी समाजशास्त्री Talcott Parson सम्मका व्यक्तिहरुले अपनाइएको देखिन्छ यस दृष्टिकोणले समाजमा कुनै पनि एकाइलाई विरोधी एकाइको रुपमा नभई प्रकार्यात्मक एकाईको रुपमा हेरिनु पर्दछ । त्यसबाट नै सामाजिक प्रणाली तयार भएको हुन्छ भन्ने मान्यता राख्दछ ।

४. **महिलावादी दृष्टिकोण** : यस दृष्टिकोणले महिलाको स्थितिलाई हेर्दा महिलाहरुका शक्ति र समाजमा उनीहरुको विद्यमान अवस्थामा क्रमिक सुधार भइरहेको अझ सुधार हुँदै जानुपर्ने आवश्यकता देखिन्छ । विभिन्न सामाजिक दमन चक्रबाट अधिकांश महिलाहरु पिडित भएका छन् यस्ता दमन र महिला उपर हुने सबै खाले कुचक्रको अवशेषहरुलाई निरुत्साहित पार्न सकेमा मात्र विद्यमान नेपाली महिलाहरुको स्थितिमा सुधार हुन सक्छ

भन्ने कुराको वकालत यस दृष्टिकोणबाट गर्न खोजिएको छ । यस अवधारणाले महिलाको स्थितिलाई पुरुष दमन स्थितिको रुपमा हेर्ने गरेको पाइन्छ ।

### क. आमूल महिलावाद

आमूल महिलावादले समाजका प्रत्येक तहमा महिलाहरु शोषित देखिएका छन् भन्ने मान्यता राख्दै त्यसैले सामाजिक, सांस्कृतिक तथा आर्थिक सन्दर्भमा महिलाहरुको विश्वव्यापी अबमूल्यनलाई निर्मूल पार्न महिलाको सामाजिक मूल्यको खोजी गर्नुपर्ने तथ्यमा जोड दिन्छ । यो आमुल महिलावाद सन् १९६० को दशकको अन्ततिरबाट बढी प्रभावशाली बन्यो की यसले समाजमा प्रत्येक जात, वर्ण, संरचना, संस्थामा दमन, विभेद र असमानता रहेकोले लैङ्गिक विभेदको जटिलतालाई विशेष जोड दिन्छ । यस्ता लैङ्गिक विभेदको महत्वपूर्ण कारक तत्व भने पितृसत्ताअन्तर्गतको सामाजिक सम्बन्ध हो भन्ने बुझाई आमूल महिलाबादीहरुको रहेको छ ।

### ख. उदार महिलावाद

उदार महिलाबादले पनि महिला समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ । यसलाई अमेरिकीहरुले नेतृत्व गरे । महिला तथा पुरुष विच रहेका लैङ्गिक विभेदयुक्त कार्य विभाजन, यौन व्यवहार, पारिवारिक संरक्षण तथा सामाजिक भूमिका र उमेरको विभेदका विरुद्धमा स्वतन्त्रताको आवाज उठाउने कार्य उदार महिलाबादबाट भएको थियो । लैङ्गिक असमानताका कारण उत्पन्न सबैखाले बन्देजहरुका विरुद्धमा यो महिलाबाद खडा भएको देखिन्छ । जसमा व्यक्तिगत स्वतन्त्रतालाई नैसर्गिक स्वतन्त्रता मानिएको हुन्छ ।

उदार महिलावादका अनुसार समाजमा रहेका समस्त कार्यप्रणालीको तरिका, मान्यता र व्यवहारलाई नियाल्दै महिलाहरु घरभित्रको आय नहुने तथा नीयमित र दैनिक कम महत्वका कार्यमा सीमित छन् जवकी पुरुष घर बाहिरको आय आर्जन गर्न सकिने कार्यमा सलंग्न भएका हुन्छन् । यसैले महिलाहरुको कार्यहरु जुन परिवारभित्र नै सीमित

छ, त्यसबाट महिलाहरुलाई मुक्त गर्न नसकेसम्म र परम्परागत भूमिकामा परिवर्तन गर्न नसकेसम्म महिला माथि उठ्न सक्दैनन भन्ने मान्यता यसमा रहेको छ ।

**ग. समाजवादी महिलावाद**

समाजवादी महिलावादले लैङ्गिक दमनलाई बुझ्न सामाजिक कारक तत्वको खोजीलाई जोड दिदै महिला प्रतिका विभेद पुरुष र महिला स्वयम्बाटै भएको ठान्छ । जसका पछाडि पितृसत्तात्मक सामाजिक ढाँचाले निकै ठूलो भूमिका निर्वाह गर्न सक्छ । समाजमा जे जति इकाइहरु छन् ती सबै विचको प्रकार्यले सामाजिक व्यवस्था सञ्चालित हुने भएकोले त्यहि संरचना भित्र बसेर लैङ्गिक सम्बन्धको खोजी गर्नुपर्दछ भन्ने यस समाजवादी महिलावाद लाई मार्क्सवादी तथा महिलावादको सश्लेषणको रुपमा लिइन्छ ।

समाजवादी महिलावादले समाजमा रहेका सबै प्रकारका दमन र अत्याचारका विरुद्धको सङ्घर्षलाई जोड दिन्छ । यसले उदार महिलावादले अघिसारेका व्याख्यालाई सुधार गरी त्यसको अपर्याप्तताहरुको पूरा गर्नुपर्ने तर्क राख्दछ । (आचार्य, २०७०)

# अध्याय तीन
# ३. अनुसन्धान पद्धती

## ३.१ अध्ययन क्षेत्रको छनौट र यसको औचित्य

यस अध्ययनको क्षेत्र अर्घाखाँची जिल्ला स.न.पा १ क्षेत्रका नीजि विद्यालयहरु अन्तर्गत रहेका गौरिशंकर बोर्डिङ्ग स्कुल, मदरल्याण बोर्डिङ्ग स्कुल र सन्धिखर्क बोर्डिङ्ग स्कूलमा कार्यरत महिला शिक्षिकाहरुको अध्ययन गरिएको छ । यस क्षेत्रलाई अध्ययन क्षेत्र छनौट गर्नुका कारणहरु निम्नानुसार छन् :

क. शोधकर्तामा त्यस क्षेत्रमा अनुसन्धान गर्ने रुचि हुनाले ।

ख. अध्ययन क्षेत्रका लागि छनौट गरिएको स.न.पा. १ क्षेत्रमा कार्यरत महिला शिक्षिकाहरुको बारेमा अध्ययन नभएकोले ।

## ३.२ अनुसन्धान ढाँचा

अनुसन्धान गर्दा अन्वेषणात्मक र वर्णनात्मक दुबै खाले ढाँचाको प्रयोग गरिएको छ । अन्वेषणात्मक अनुसन्धान ढाँचामा अनुसन्धानका तथ्यहरुको विश्लेषण गरी तिनीहरुको बिचमा कार्यकारण सम्बन्ध पत्ता लगाइन्छ । यस अनुसन्धानमा प्राथमिक तथा द्वितीय तथ्याङ्क र सूचनाहरुको लागि विभिन्न विधिहरुको प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्क क्षेत्रगत अध्ययनबाट र द्धितिय तथ्याङ्क विभिन्न लेख रचना पत्रपत्रिकाबाट संकलन गरिएको छ । विशेषगरी महिला शिक्षिकाहरुको अध्ययन गर्ने सम्बन्धमा महिलाहरुको सामाजिक, आर्थिक अवस्था र निर्णय अधिकार बारेमा अध्ययन गरिएको छ । उत्तरदाताको शिक्षा, पेशा, आय, परिवारको आकार आदि कुराको अध्ययन गर्दा वर्णनात्मक पद्धती अपनाइएको छ । अन्य सामाजिक, आर्थिक स्थितिको अध्ययन गर्दा अन्वेषणात्मक पद्धती अपनाईएको छ ।

## ३.३ नमूना छनौट

यो अध्ययन अर्घाखाँची जिल्लाको स.न.पा. १ भित्र रहेका नीजि विद्यालयहरुमध्ये ३ वटा विद्यालयलाई नमुनाको रुपमा छनोट गरिएको छ । उक्त ३ वटा विद्यालयमा कार्यरत ४० महिला शिक्षिकाहरुलाई अध्ययनको विषयवस्तु बनाइएको छ । तथ्याङ्क संकलनको क्रममा शोधकर्ता आफै अध्ययन क्षेत्रमा गएर उत्तरदातासँग छलफल गर्ने, अन्तवार्ता लिने, उनीहरुको धारणा बुझ्ने र प्रश्नावली भर्न लगाई तथ्याङ्क संकलन गरिएको छ । उत्तरदाताको नमूना चयन गर्दा विभिन्न जाति, धर्म, उमेर समूह अन्तर्गत पर्ने प्रतिनिधी छानी तुलनात्मक अध्ययन गरिएको छ ।

## ३.४ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनका लागि निर्धारित गरिएको उद्देश्यहरुको परिपुर्ति गर्नको लागि विभिन्न प्रकारका तथ्याङ्कहरुको संकलन गरिएको छ । यस अध्ययन अनुसन्धानलाई यथार्थपरक बनाउनका लागि सम्बन्धित क्षेत्रमा गई अनुसन्धान कर्ताले उत्तरदाता महिला शिक्षिकाहरुसँग प्रत्यक्ष संलग्न भई आवश्यक तथ्याङ्क संकलन गर्नको लागि अवलोकन प्रश्नावली तथा अन्तरवार्ता जस्ता प्राथमिक तथ्याङ्क संकलनको विधि प्रयोग गरिएको छ । द्धितिय तथ्याङ्क स्रोतको रुपमा विभिन्न लेख प्रतिवेदन पुस्तक पत्रपत्रिका लगायतका विभिन्न क्षेत्रबाट प्रकाशित प्रकाशनहरु लिइएको छ । यसका अतिरिक्त अनुसन्धानलाई यथार्थपरक र विश्वसनीय बनाउनका लागि गुणात्मक र संख्यात्मक प्रकृतिहरुको तथ्याङ्कलाई लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

अध्ययन तथा अनुसन्धानलाई यथार्थपरक बनाउनका लागि तथ्याङ्क संकलन विधिको महत्वपूर्ण भूमिका रहेको हुन्छ । अध्ययनको परिणाम नै तथ्याङ्क संकलन विधिमा भर पर्ने हुनाले यस शोधकार्यमा तथ्याङ्क संकलन विधिका दुवै प्राथमिक र द्धितिय तथ्याङ्क संकलन विधिको प्रयोग गरिन्छ ।

### ३.५.१ प्राथमिक तथ्याङ्क संकलन विधि

प्राथमिक स्रोतबाट तथ्यहरु संकलन गर्दा शोधकार्य विश्वसनीय हुने यस शोधकार्यमा पनि प्राथमिक तथ्याङ्क संकलन विधिलाई प्रमुख स्थान दिइएको छ। प्राथमिक तथ्यहरुको संकलनको लागि प्रश्नावली र अन्तरवार्ता विधिलाई सहयोगी बनाइएको छ। यि विधिद्धारा धारणा मनोवृत्ति र वास्तविकता बुझ्नका लागि सहयोग मिल्नेछ । यस अध्ययन कार्यमा तथ्याङ्क संकलनका निम्न विधिहरु अपनाइएको छ।

#### ३.५.१.१ अन्तवार्ता विधि

प्राथमिक तथ्याङ्क संकलन गर्दा उपयुक्त र विश्वसनीय मानिने अन्तवार्ता विधिको प्रयोग यस अध्ययन तथा अनुसन्धान कार्यमा गरिएको छ। यस विधि प्रयोग गर्नुको अर्को कारण उल्लेखित क्षेत्रका महिला शिक्षिकाहरुको बारेमा विस्तृत जानकारी लिई प्रभावकारी तथ्यहरु संकलन गर्नु रहेको छ। अन्तरवार्ताको क्रममा शीर्षकसँग सम्बन्धित तयार पारिएको प्रश्नावलीको आधारमा उत्तरदाता महिला शिक्षिकासँग प्रश्न राख्दा आएको जवाफलाई टिपोट गरी तथ्यांक संकलन गरिएको छ । शोधकर्ता र उत्तरदाता महिला शिक्षिका आमुन्ने सामुन्ने बसेर छलफल गरी संरचित प्रश्नका अतिरिक्त अन्य समय सापेक्षित जानकारी लिनको लागि विभिन्न सम्बन्धित प्रश्नहरु पनि गरिएको छ । जसले महिला शिक्षिकाको आर्थिक सामाजिक अवस्था र निर्णय अधिकारलाई बुझ्न सहयोग गर्नेछ।

### ३.५.२ द्धितिय तथ्याङ्क संकलन विधि

यस शोधपत्रका उद्देश्यहरु पूरा गर्नका लागि प्राथमिक तथ्याङ्कका अतिरिक्त द्धितिय तथ्याङ्कको पनि महत्वपूर्ण भूमिका रहेको हुन्छ। उक्त अध्ययनलाई उद्देश्यपूर्ण बनाउनका लागि प्राथमिक स्रोतमा नआएका तथ्याङ्कहरु द्धितिय तथ्याङ्कबाट पाउन सकिन्छ । द्धितिय तथ्याङ्कलाई तथ्याङ्कलाई सहयोगी तथ्याङ्कको रुपमा मात्र लिइएको छ। जसमा विभिन्न लेख, पुस्तक, प्रतिवेदन पत्रपत्रिका र विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट प्रकाशित भएका प्रकाशनलाई लिइएको छ।

### ३.६ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण

यस अध्ययन सफल हुनुमा तथ्याङ्कको प्रभावकारी विश्लेषण तथा प्रस्तुतिकरणमा पनि पर्ने हुँदा विभिन्न स्रोतबाट प्राप्त भएका तथ्याङ्हरुलाई तथ्याङ्कको प्रकृति अनुरुप विश्लेषण गरिएको । विश्लेषण गर्नुपूर्व उक्त तथ्याङ्कहरुलाई सरल तरिकाले सबैले बुझ्नेगरी तालिकीकरण गरिएको छ । तथ्यहरुको प्रकृति हेरेर गुणात्मक तथ्यहरुलाई आवश्यक मात्रामा तथ्यपरक बनाई विश्लेषण र वर्णन गरिने छ भन्ने संख्यात्मक तथ्यहरुलाई तालिकीकरण गरी स्पष्ट पारिएको छ । आवश्यकता अनुसार तथ्याङ्कहरुको व्याख्या र विश्लेषण पनि गरिएको छ । उक्त संख्यात्मक विधिको प्रक्रियाको क्रममा कुल औसत तथा प्रतिशत आदिको माध्यमबाट सरल तरिकाले प्रष्टयाउने प्रयास गरिएको छ ।

### ३.७. अध्ययनको सीमा

यस अध्ययनको लागि अर्घाखाँची जिल्लाको स.न.पा. १ क्षेत्रलाई छनौट गरिए पनि उक्त सबै क्षेत्रमा कार्यरत महिला शिक्षिकाहरुको अध्ययन नगरी यस अध्ययनले ३ वटा नीजि विद्यालयलाई मात्र समेटिएको छ । यस अध्ययनमा महिला शिक्षिकाहरुको सामाजिक, आर्थिक क्षेत्रको निर्णय अधिकारको अवस्थालाई मात्र अध्ययन गरिएको छ । यस अध्ययनले नेपाल भरी कार्यरत महिला शिक्षिकाहरुको बारेमा प्रतिनिधित्व गर्न सक्दैन तर केही कुराहरु मिल्न गएतापनि यस अध्ययनमा महिला शिक्षिकाहरुको सामाजिक, आर्थिक र निर्णय अधिकारको अवस्थालाई मात्र समिक्षा गरिने हुनाले यसको परिणामलाई अन्य क्षेत्रका महिला शिक्षिकाहरुको अवस्थासँग तुलना गर्दा नमिल्ने अवस्था हुन सक्छ ।

# अध्याय ४
# तथ्याङ्क सङ्कलन प्रस्तुतिकरण र विश्लेषण

## ४.१ महिला शिक्षिकाहरुको सशक्तिकरण अवस्था

नेपाली समाजमा लिङ्गमा आधारित विभेद व्यापक रुपमा फैलिरहेको छ । महिला र पुरुष बीचमा अनेकौ सामाजिक कुरिति र विभेद अझै समाजमा रहेको पाइन्छ । समाजले महिलालाई हेर्ने दृष्टिकोण र पुरुषलाई हर्ने दृष्टिकोण फरक छ । महिला र पुरुषले गर्ने कामको भेदभावका वावजुद पनि महिलाहरु शिक्षामा विस्तारै अगाडी आउन खोजेको देखिन्छ ।

महिलाहरुको राजनीतिक, आर्थिक तथा सामाजिक अधिकारहरुको संरक्षण, प्रवर्द्धन तथा प्रचलनमा हालसम्म भएका उपलब्धीहरुलाई सुदृढिकरण गर्दै राज्यको संरचनामा हरेक निकायमा महिला प्रतिनिधित्वलाई बृद्धि गर्दै लगिएको छ । महिला सशक्तीकरण, क्षमता अभिवृद्धि क्षेत्रगत लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणलाई अभिवृद्धि गरेको खण्डमा महिलाको उत्थानमा टेवा पुग्नेछ ।

महिला शिक्षिकाहरुको सशक्तीकरण र निर्णयमा अध्ययनको उद्धेश्य परिपूर्तिका लागि संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण गर्ने काम र त्यसबाट सार तत्व पत्ता लगाउने कार्य गरिएको छ । अध्ययनलाई उचित दिशामा लैजाने उद्देश्यले सर्वप्रथम संकलित तथ्याङ्कहरुलाई तालिकावद्ध गर्ने काम गरिएको छ । अध्ययनका लागि प्रयोग गरिएको प्रश्नावलीका आधारमा तथ्याङ्क विश्लेषण गरिएको छ ।

यस अध्यायमा महिला शिक्षिकाहरुको सामाजिक स्थितिबारे अध्ययन गरिएको छ । जसमा उमेर समूह, जातजाति, धर्म, वैवाहिक स्थिति आदि विविध पक्षको अध्ययन गरी विवरणहरु प्रस्तुत गरी विश्लेषण गर्ने कार्य गरिएको छ ।

### ४.१.१ उमेरगत विवरण

उमेर एक महत्वपूर्ण जनसांख्यिक चरित्र हो । उमेर एक महत्वपूर्ण पक्ष पनि हो । जसको आधारमा नै सम्पूर्ण मानव जीवन लगाायत सम्पूर्ण मानवको विकास भएको हुन्छ । उमेर शिक्षण पेशामा प्रभाव पार्ने विभिन्न तत्वहरुमध्ये एक महत्वपूर्ण तत्व हो । यस अध्ययनका लागि छनौट गरिएका महिला शिक्षिकाहरुको उमेर समूहलाई पाँच/पाँच वर्षले फरक पारेर प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ महिला शिक्षिकाहरुको उमेरगत विवरण**

| उमेर | संख्या | प्रतिशत |
|---|---|---|
| १९-२४ | १० | २५ |
| २५-२९ | ६ | १५ |
| ३०-३४ | १० | २५ |
| ३५-३९ | ८ | २० |
| ४०-४४ | ४ | १० |
| ४५ वर्षभन्दा माथि | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

निजि विद्यालयहरुमा कार्यरत महिला शिक्षिकाहरु विभिन्न उमेर समूहबाट आएका पाइन्छन् । माथि प्रस्तुत गरिएको तालिका नं १ अनुसार जम्मा उत्तरदातामध्ये १९ देखि २४ वर्ष उमेर समूहका २५ प्रतिशत, २५ देखि २९ वर्ष उमेर समूहका १५ प्रतिशत, ३०–३४ वर्ष उमेर समूहका २५ प्रतिशत, ३५–३९ वर्ष उमेर समूहका २० प्रतिशत, ४०–४४ वर्ष उमेर समूहका १० प्रतिशत र ४५ वर्ष भन्दा माथि उमेर समूहका ५ प्रतिशत उत्तरदाताहरु रहेका छन् । विशेषगरी १९ देखि २४ वर्ष उमेरका महिला शिक्षिका बढी सक्रिय रहेको पाइयो भने उमेर बढ्दै जाँदा आफ्नो पेशा झन्झटिलो लाग्ने गरेको कारण ४५ वर्ष भन्दा बढी उमेर समूहका महिला शिक्षिकाहरुको कम सक्रियता रहेको पाइयो ।

### ४.१.२ जातिय स्थिति

जातजातिले सामाजिक संरचनामा महत्वपूर्ण स्थान ओगटेको छ । नेपाली समाजमा महिलाहरुको स्थिति अध्ययन गर्दा जातजातिको संगमस्थल भएको र नेपालको सर्वपक्षिय विकासको लागि जातजातिको यथोचित विवरण राखी सबै पक्षलाई समावेश गरी प्रशासनिक तथा पेशागत कार्यमा लैङ्गिक समविकासको लक्ष्य प्राप्त गर्न सहज हुनेछ । जातजातिले मानिसको सामाजिक सांस्कृतिक अवस्थामा पनि निकै प्रभाव पारेको हुन्छ । यस अध्ययनमा महिला शिक्षिकाहरुको जातिय विवरणलाई तल तालिकामा प्रस्तुत गरिएको छ । यस अध्ययनमा छनौट गरिएका उत्तरदाताहरु विभिन्न जातजातिका रहेका छन् ।

**तलिका नं २ जातजाति अनुसार महिला शिक्षिकाहरुको विवरण**

| जातजाति | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | २० | ५० |
| क्षेत्री | १० | २५ |
| नेवार | ६ | १५ |
| मगर | ४ | १० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

माथि उल्लेखित तालिका नं २ लाई अध्ययन गर्दा ५० प्रतिशत ब्राम्हण, २५ प्रतिशत क्षेत्री, १५ प्रतिशत नेवार र १० प्रतिशत मगर जातिका महिला शिक्षिका रहेका छन् । यस अध्ययन क्षेत्रमा ब्राम्हण समुदायको बाहूल्यता रहेको र स्थानिय क्षेत्रमा काम गर्न उनीहरु लाई पायक पर्ने भएकोले नमूना छनौटमा परेका उत्तरदाताहरुमध्ये सबैभन्दा बढी ब्राम्हण जातिका महिला शिक्षिका रहेका छन् भने त्यस क्षेत्रमा मगर जातिको बसोबास कम रहेको र उक्त जातिका महिलाहरु कम शिक्षित भएकोले मगर जातिका महिला शिक्षिकाहरु कम रहेका छन् ।

उक्त तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने कूल महिला शिक्षिकामध्ये ब्राहमण जातिका महिला शिक्षिका अन्य जातजातिहरुको तुलनामा निकै बढी भएको पाइयो किनभने सदियौदेखि बाहुन क्षेत्रीले रुची तथा प्राप्त अवसरको अधिकतम सदुपयोग गर्दै आएकोले उक्त जातिको बर्चस्व रहेता पनि अन्य जातिमा पनि जातिगत चेतना, सूचना र संचारतर्फ चासो बढ्दै गएको हुनाले क्रमश संख्यात्मक रुपमा बढ्दै गएको देखिन्छ ।

### ४.१.३. धार्मिक स्थिति

विश्वको कुनै पनि मानिस कुनै न कुनै धर्मबाट प्रभावित हुन्छ र आश्रित पनि हुन्छन् । प्राचिन कालदेखि नै नेपालमा हिन्दु धर्मको बाहूल्यता रहदै आएको हुनाले प्रजातन्त्रको पुर्नवाहाली पश्चात निर्मित नेपाल अधिराज्यको संविधानले नेपाललाई हिन्दु संवैधानिक राजतन्त्रात्मक अधिराज्यको रुपमा स्थापित गरेको भएता पनि जनआन्दोलन २०६२/०६३ को लोकतन्त्रको स्थापना पछाडी धर्मनिरपेक्ष देश भनि घोषणा गरिएको छ । तापनि यहाँ हिन्दु धर्मावलम्वीको संस्था अत्याधिक रहेको पाइन्छ । धर्मले व्यक्तीको सामाजिक जीवनमा प्रभाव पारेको हुन्छ । धर्मले मानिसको व्यक्तीगत जीवनलाई मात्र प्रभाव पार्दैन बरु सांस्कृति र आर्थिक जीवनमा समेत नियन्त्रण गर्दछ ।

यस अध्ययनमा महिला शिक्षिकाहरुले मान्ने धर्मको विवरणलाई निम्न अनुसार तालिकामा देखाउन सकिन्छ ।

**तालिका नं ३ धर्मको आधारमा महिला शिक्षिकाहरुको विवरण**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दु | ३४ | ८५ |
| बौद्ध | ४ | १० |
| क्रिश्चयन | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ३ अनुसार कूल उत्तरदाता मध्ये ८५ प्रतिशत हिन्दु, १० प्रतिशत बौद्ध, र ५ प्रतिशत क्रिश्चयन धर्म मान्ने उत्तरदाताहरु रहेको पाइन्छ । नमूना छनौटमा परेका उत्तरदाताहरुमध्ये सबैभन्दा बढी हिन्दु धर्म मान्ने महिला शिक्षिकाहरु रहेका छन् भने सबैभन्दा कम क्रिश्चयन धर्म मान्ने महिला शिक्षिकाहरु रहेका छन् । छनौटमा परेका उत्तरदातामध्ये हिन्दु बौद्ध र क्रिश्चयन धर्म बाहेक अन्य धर्म मान्ने उत्तरदाताहरु नरहेको पाइन्छ ।

तालिकाबाट के स्पष्ट हुन्छ भने हिन्दु, बौद्ध र क्रिश्चयन धर्ममध्ये सबैभन्दा बढी हिन्दु रहनुको कारण बौद्ध र क्रिश्चयन धर्म मान्ने महिलालाई घर बाहिरको काम गर्न परिवारका सदस्यले नदिने र हिन्दु धर्म मान्ने महिलालाई त्यस्तो नभएकोले अन्य धर्म भन्दा हिन्दु धर्म मान्ने महिला शिक्षिकाहरुको संख्या बढी रहेको पाइयो ।

### ४.१.४. विवाहको उमेरगत विवरण

विवाह सार्वभौमिक सामाजिक संस्था हो । विवाह पश्चात महिला र पुरुष दुबैको भूमिका र अवस्थामा परिवर्तन आउँछ । एउटा महिला जन्म पश्चात छोरीको रुपमा मात्र नरही कसैको पत्नी, बुहारीको रुपमा परिवर्तन हुन्छन् भने एउटा पुरुष छोराको रुपमा

मात्र नरहेर कसैको पति, ज्वाई, बाबुको रुपमा परिवर्तन हुन्छन् । अध्ययनमा धरैजसो महिलाहरु विवाहित रहेका छन् ।

**तालिका नं ४ महिला शिक्षिकाहरुको विवाहको उमेरगत विवरण**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | २८ | ७० |
| अविवाहित | १० | २५ |
| विधुवा | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ४ अनुसार यस अध्ययनमा छनौट भएका महिला शिक्षिकाहरुमध्ये ७० प्रतिशत उत्तरदाताहरु विवाहित रहेका छन् । त्यसैगरी २५ प्रतिशत अविवाहित र ५ प्रतिशत विधुवा रहेका छन् । यस पेशामा विवाहित महिलाको संख्या बढी रहेको पाइन्छ । यस पेशामा विवाहित महिला शिक्षिकाहरुको संख्या बढी हुनुमा आर्थिक कारण मुख्य रहेको पाइन्छ ।

घरपरिवारमा एकजनाको कमाइले परिवारको खर्च धान्न धौ धौ हुने छोराछोरी हुर्केपछि त्यसै घरमा समय बिताउनुभन्दा विद्यालयमा गई पढाएपछि आर्थिक लाभ हुने भएकोले यस क्षेत्रमा विवाहित महिलाहरु बढी संलग्न रहेका छन् ।

### ४.१.५. पारिवारिक संरचना

परिवार एक आधारभूत सामाजिक संरचना हो । परिवारमा महिलाहरु आर्थिक रुपले आत्मर्निभर भएमा पारिवारिक स्वरुपमा कस्तो प्रभाव पर्छ सो अध्ययन गर्नका लागि महिला शिक्षिकाहरुको परिवारको आकार एकल वा संयुक्त के हो छुट्याएको छ । उत्तरदाताहरु दुई पारिवारिक स्वरुप (एकल परिवार र संयुक्त परिवार) मा रहेका छन् ।

संयुक्त परिवारमा साधारणतया परिवारको तीन पुस्तासम्म रहेका हुन्छन् । यस परिवारमा हजुरबा, हजुरआमा, काका, काकी, अविवाहित दिदी, फूपूहरु र नाति नातिना रहेका हुन्छन् । भान्सा सँगै रहने यस परिवारमा जो जसले जसरी अर्थ आर्जन गरेपनि सामूहिक हितको लागि खर्च गरिन्छ । लैङ्गिक हिसाबले यस्तो परिवारमा लोग्ने मानिसको नै प्रमुख भूमिका रहने गर्दछ तर वर्तमान समयमा संयुक्त पारिवारिक ढाँचा पनि एकात्मक पारिवारिक ढाँचामा परिवर्तन भईसकेको छ ।

एकल परिवार परिवारको आधुनिक रुप हो । यस परिवारको आकार सानो हुन्छ । यस परिवारमा आमा, बाबु र उनका अविवाहित छोराछोरी हुन्छन् । घरबाट व्यवसाय तथा जागीरका लागि परिवारका सदस्य टाढा टाढा पुग्नुले पनि आफू बसेको ठाँउमा परिवार लैजानुले संयुक्त परिवार टुक्रन गई एकल परिवारको विकास भएको पाइन्छ । यस परिवारमा तुलनात्मक रुपमा महिलाको स्थिति राम्रो हुन्छ ।

**तालिका नं ५ महिला शिक्षिकाहरुको पारिवारिक संरचना**

| पारिवारिक संरचना | संख्या | प्रतिशत |
|---|---|---|
| संयुक्त परिवार | १० | २५ |
| एकल परिवार | ३० | ७५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ५ अनुसार कूल उत्तरदातामध्ये २५ प्रतिशत संयुक्त परिवार र ७५ प्रतिशत एकल परिवारमा बसोाबास गर्दछन् । व्यवसाय तथा जागिरका लागि परिवारका सदस्य टाढा टाढा बसोबास गर्ने भएकाले पनि एकल परिवारमा बस्नेको प्रतिशत बढी देखिन्छ । उत्तरदाताहरु शहरी क्षेत्रमा बसोबास गर्ने, शिक्षित तथा आत्मनिर्भर हुने कुरामा सचेत भएकोले प्राय उनीहरु एकल परिवारमा बसेको पाइन्छ । यस क्षेत्रका महिला

पेशागत चुनौती र पारिवारिक दायित्वसगै स्वतन्त्रतालाई पनि त्यत्तिकै महत्वपूर्ण मान्दछन् । विशेषगरी महिला शिक्षिकाहरु दुई पारिवारिक संरचना (संयुक्त र एकल परिवार) मा रहेका छन् ।

### ४.१.६ परिवारको आकार

परिवारको आकारले नै महिलाहरुको कामको अवस्था, स्वास्थ्य र खाद्यान्नको अवस्थालाई निर्धारण गर्दछ । प्राचिन समयका परिवारको संख्या ठूलो ठूलो हुने गर्दथ्यो तर वर्तमान अवस्थामा परिवारको संख्या घट्दै गएको पाइन्छ । विवाह पश्चात श्रीमान श्रीमति दुबै रोजगारीमा लागेकाहरु संयुक्त परिवारबाट छुट्टिएर बस्ने प्रवृति बढ्दो रहेको छ । यसका साथै हिजोआज महिलाहरु एक वा दुई मात्र सन्तान जन्माउने हुनाले परिवारको आकार सानो भएको पाइन्छ । सानो परिवारमा व्यक्तिवादिताप्रतिको सोच बढेको हुन्छ भने महिलाको स्थिति पनि तुलनात्मक रुपमा राम्रो भएको मानिन्छ । बालबच्चाको स्वतन्त्रता तथा उनीहरुको व्यक्तित्व विकाशमा अभिभावक बढी संवेदनशील तथा उत्तरदायी हुन्छन् । उत्तरदाताहरुको परिवारको आकार के कस्तो छ र सामाजिक स्थितिलाई बुझ्न तलको तालिका प्रस्तुत गरिएको छ ।

**तालिका नं ६ महिला शिक्षिकाहरुको परिवारको आकार**

| परिवारको संख्या | संख्या | प्रतिशत |
|---|---|---|
| १-२ | ४ | १० |
| ३-४ | १६ | ४० |
| ५-६ | १४ | ३५ |
| ७-८ | ४ | १० |
| ८ भन्दा माथि | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ६ अनुसार कूल उत्तरदातामध्ये १ देखि २ परिवारको संख्या भएका शिक्षिकाहरु १० प्रतिशत,३ देखि ४ परिवारको संख्या भएका शिक्षिका ४० प्रतिशत, ५ देखि ६ परिवारको संख्या भएका शिक्षिका सबैभन्दा बढी ३५ प्रतिशत त्यसैगरी ७ देखि ८ परिवारको संख्या भएका शिक्षिका १० प्रतिशत र ८ भन्दा माथि परिवारको संख्या भएका सबैभन्दा कम ५ प्रतिशत शिक्षिका रहेका छन् ।

शहरी क्षेत्रमा एकल परिवारमा बस्ने संस्कृति बढी भएकोले परिवार संख्या ३ देखि ४ हुने महिला शिक्षिकाको प्रतिशत सबैभन्दा बढी रहेको पाइयो । यसको साथै ८ जना भन्दा बढी परिवार हुने शिक्षिका बिशेषगरी नेवार परिवारका महिलाहरु बढी भएको पाइयो ।

### ४.१.७.छोरा/छोरीलाई बढी प्राथमिकता

नेपालमा छोरीलाई भन्दा छोरालाई बढी प्राथमिकता दिइने सामाजिक मान्यता रहेता पनि शहरी तथा शिक्षित र आधुनिकतातिर उन्मुख परिवारमा भने यस्तो दृष्टिकोणमा व्यापक परिवर्तन आएको र दुबैलाई समान महत्व र अवसरहरु प्रदान गर्ने प्रचलन बढेको पाइन्छ । यस अध्ययनमा छोरा र छोरीमा कसलाई बढी प्राथमिकता दिईन्छ भन्ने उत्तरदाताको विचारलाई तलको तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

**तलिका नं ७ छोरा छोरीमा बढी प्राथमिकता दिइने आधारमा उत्तरदाताहरुको वर्गीकरण**

| प्राथमिकता | संख्या | प्रतिशत |
|---|---|---|
| छोरालाई | १६ | ४० |
| छोरीलाई | ६ | १५ |
| दुबैलाई समान | १८ | ४५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ७ अनुसार उत्तरदाताहरुमध्ये छोरालाई प्राथमिकता दिने धारणा राख्ने उत्तरदाता ४० प्रतिशत, छोरीलाई प्राथमिकता दिने धारणा राख्ने उत्तरदाता १५ प्रतिशत र छोराछोरी दुवैलाई समान प्राथमिकता दिनुपर्ने धारणा राख्ने उत्तरदाता ४५ प्रतिशत रहेका छन् । यसबाट के स्पष्ट हुन्छ भने उत्तरदाताहरुको शैक्षिक अवस्था उच्च रहेको हुनाले छोरीलाई पनि छोरा सरह जिम्मेवारी बहन गर्न सक्ने चुनौतीहरुको सामना गर्न सक्ने र बुढेसकालको सहारा बन्छन् भन्ने विश्वास गरेको पाइन्छ ।

### ४.१.८. घरमूलीका आधारमा महिला शिक्षिकाहरुको विवरण

पितृसतात्मक समाजमा लोग्ने मानिसको भूमिका बढी रहेको हुन्छ । परिवारमा आर्थिक तथा सामाजिक कार्य पतिमा निहित हुन्छ । अझ भन्ने हो भने नेपालमा पितृसतात्मक समाज कायम भएकोले परिवारमा घरमूलि र निर्णायक व्यक्ति पुरुषहरु नै बढी भएको पाइन्छ । घरायसी कार्यमा अधिकतम समय महिलाले काम गर्दछन् भने ती कार्यमा घरमूलिको हैसियतले पुरुषहरुले निर्णय गर्दछन् । महिला घरमूलि भएका घरहरुमा पनि पुरुष बाहिर रहेको वा पुरुष अशक्त रहेको अवस्थामा महिलाहरु घरमूलि रहेको पाइन्छ । तर हाम्रो समाजमा घरायसी निर्णय प्रक्रियामा महिलाहरुको कमजोर अवस्था देखिन्छ । हाल शिक्षित परिवारमा महिला घरमूलिको संख्या बढ्दो रुपमा देखिन्छ । वर्तमान अवस्थामा उत्तरदाताहरुको परिवारमा घरमूलिको स्थिति के कस्तो छ तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८. घरमूलीका आधारमा महिला शिक्षिकाहरुको विवरण**

| घरमूली | संख्या | प्रतिशत |
|---|---|---|
| सासू | २ | ५ |
| ससुरा | ६ | १५ |
| श्रीमान | १८ | ४५ |
| उत्तरदाता आफै | १४ | ३५ |
| जम्मा | ४० | १००% |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ८ अनुसार उत्तरदाताहरुमध्ये सासु घरमूली भएका ५ प्रतिशत, ससुरा घरमूली भएका १५ प्रतिशत, श्रीमान घरमूली भएका ४५ प्रतिशत र उत्तरदाता आफै घरमूली भएका ३५ प्रतिशत रहेका छन् । माथिको अध्ययनबाट के स्पष्ट हुन्छ भने हाम्रो समाज पुरुष प्रधान समाज भएको हुनाले पुरुष घरमूलि भएका उत्तरदाताहरु सबैभन्दा बढी ४५ प्रतिशत भएको पाइयो ।

### ४.१.९. शैक्षिक स्थिति

शिक्षा महिला विकासको आधारस्तम्भ हो । त्यसैले महिलाहरुको अवस्था, भूमिका, र विकासमा प्रभाव पारेको हुन्छ । शिक्षाको स्तरले नै महिलाको आर्थिक सामाजिक अवस्था कायम गरेको हुन्छ । यस अध्ययन क्षेत्र अन्तर्गत उत्तरदाताहरुको शैक्षिक स्थितिलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ९ महिला शिक्षिकाहरुको शैक्षिक विवरण**

| शैक्षिक स्थिति | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| एस.एल.सी. | ४ | १० |
| प्रमाणपत्र | १६ | ४० |
| स्नातक | १८ | ४५ |
| स्नात्तकोत्तर | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं ९ अनुसार एस.एल.सी.पास गरेका उत्तरदाता १० प्रतिशत, प्रमाणपत्र पास गरेका उत्तरदाता ४० प्रतिशत, स्नातक पास गरेका उत्तरदाता ४५ प्रतिशत र स्नात्तकोत्तर पास गरेका उत्तरदाता ५ प्रतिशत रहेका छन् । शैक्षिक योग्यता नै शिक्षण पेशाको महत्वपूर्ण आधार हो । यसले नै उनीहरुलाई आफ्नो पेशाप्रतिको दायित्वका साथै

पारिश्रमिक पनि निर्धारण गर्ने गर्दछ । यसबाट के स्पष्ट हुन्छ भने उत्तरदाताहरु शिक्षाप्रति सचेत रहेकोले अधिकांश उत्तरदाताहरुको शैक्षिक स्थिति उच्च रहेको पाइन्छ । कतिपय उत्तरदाताहरु आफ्नो शैक्षिक योग्यता अनुसारको पारिश्रमिक नदिने, धेरै समय काम गर्नु पर्ने हुनाले आफू आफ्नो पेशाप्रति असन्तुष्ट रहेको पाइयो ।

यस अध्ययन क्षेत्रमा प्रमाणपत्र र स्नातक गरेका महिला शिक्षिकाहरुको संख्या अधिक रहेको पाइयो वर्तमानमा महिला शिक्षाको तह पनि बढ्दै गएको पाइन्छ ।

# अध्याय ५
## ५.१. महिला सशक्तीकरण र निर्णय निर्माण

नेपालको संविधनले महिला र पुरुषलाई समान अधिकारको प्रत्याभूति गरेको छ । नेपालको पछिल्लो क्रममा भएको राजनैतिक परिवर्तनसँगै महिला र पुरुषबीच रहेको विभेदकारी कानूनहरु संशोधन भएका छन् । महिला र पुरुषबीच समान ज्यालादर तोकिएको मात्रै होइन पैतृक सम्पत्तिमा छोरी र छोराबीच समान कानूनी हैसियत स्थापित भएका छन् । विशेषगरी आर्थिक क्षेत्रमा आ.व. २०६४/०६५ मा लैङ्गिक उत्तरदायी बजेटको प्रारभ्मसँग महिला सशक्तिकरण र महिला विकासमा सकारात्मक विभेदको नीतिसमेत अख्तियार गर्न मुलुक सफल हुने क्रममा रहेका छ ।

यस अध्यायमा उत्तरदाताहरुको आर्थिक अवस्थाको बारेमा अध्ययन गरिएको छ । उनीहरुको पारिवारिक पेशागत विवरण व्यक्तीगत आम्दानी घर जग्गामाथिको स्वामित्व, रोजगारीको स्थिति र महिला शिक्षिकाहरुको आर्थिक घरायसी पारिवारिक कार्यको निर्णय गर्ने अवस्था आदि विविध कुराहरुको अध्ययन गरिएको छ ।

### ५.१.१. उत्तरदाताहरुको पारिवारिक पेशागत विवरण

नेपाल कृर्षीप्रधान देश भएकाले अधिकांश नेपालीको प्रमुख पेशा, कृषि रहेतापनि अन्य विभिन्न पेशाहरु जस्तै नोकरी, व्यापार,उद्योग, आदि पनि उनीहरुले अंगालेका पेशा हुन् । उत्तरदाताको पारिवारिक पेशाअर्न्तगत प्रायजसो उत्तरदाताको बाबुआमाले कृषि पेशा अंगालेको पाइन्छ भने प्रायजसो उत्तरदाताको श्रीमानहरु नोकरी गर्ने र केही बैदेशिक रोजगारमा गएको पाइन्छ । परिवारका अन्य सदस्यहरु बिशेषगरी व्यापार व्यवसायमा लागेको पाइन्छ । प्रस्तुत तालिकामा उत्तरदाताहरुको परिवारका सदस्यहरुको व्यवसायलाई देखाइएको छ ।

**तालिका नं. १०.महिला शिक्षिकाहरुको पारिवारिक पेशागत विवरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ६ | १५ |
| नोकरी | १२ | ३० |
| शिक्षण | ८ | २० |
| उद्योग | २ | ५ |
| व्यापार | ४ | १० |
| वैदेशिक रोजगार | ८ | २० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं १० अनुसार जम्मा उत्तरदाताहरुको  पारिवारिक व्यवसाय अपनाउनेहरु कृर्षीमा १५ प्रतिशत, नोकरीमा ३० प्रतिशत, शिक्षणमा २० प्रतिशत, उद्योगमा ५ प्रतिशत, व्यापारमा १० प्रतिशत र बैदेशिक रोजगारमा २० प्रतिशत रहेको पाइन्छ । यसबाट के स्पष्ट हुन्छ भने उत्तरदाताको पारिवारिक पेशा अर्न्तगत नोकरी, शिक्षण र बैदेशिक रोजगारमा सबैभन्दा बढी संख्या भएको पाइयो ।

### ५.१.२.महिला शिक्षिकाहरुको मासिक आम्दानी विवरण

यस अध्ययन क्षेत्रका महिला शिक्षिकाहरु जिविकोपार्जनको लागि यस पेशालाई अंगालेका छन् । यस अध्ययन क्षेत्रका महिला शिक्षिकाहरुले आफ्नो शिक्षा र दक्षता अनुरुप पद प्राप्त गरी उक्त पेशामा संलग्न रहेका छन् । उनीहरुको मासिक आम्दानीले आफ्नो बालबच्चाहरुको शिक्षा तथा परिवारका अन्य सदस्यहरुलाई समेत सहयोग पुग्ने गर्दछ ।  महिला शिक्षिकाहरुको मासिक आम्दानीको विवरणलाई तल तालिकामा दिइएको छ ।

**तालिका नं ११ महिला शिक्षिकाहरुको निजि मासिक आम्दानीको विवरण**

| आम्दानी | उत्तरदाताहरुको विवरण | प्रतिशत |
|---|---|---|
| ३०००-६००० | १० | २५ |
| ६०००-९००० | १२ | ३० |
| ९०००-१२००० | ४ | १० |
| १२०००-१५००० | ८ | २० |
| १५००० भन्दा माथि | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

यस अध्ययन क्षेत्रका महिला शिक्षिकाहरुमध्ये  स्नात्तकोत्तर उर्त्तीर्ण गरेका र माथिल्लो पद धारण गरेकाहरुको १५ हजारभन्दा माथि आम्दानी भएको पाइयो । त्यसैगरी स्नातक तह उर्त्तीर्ण गरेका शिक्षिकाको १२००० देखि १५०००, प्रमाणपत्र तहको ९००० देखि १२०००, एस. एल.सी.गरेकाको ६००० देखि ९००० र सबैभन्दा कम शिशु कक्षा पढाउनेको ३००० देखि ६००० हजार रहेको पाइयो ।

यस अध्ययन क्षेत्रका महिला शिक्षिकाहरुको आम्दानी फरक फरक हुनुको मुख्य कारण उनीहरुको शैक्षिक तह भएको पाइयो ।

**तालिका नं. १२ शिक्षण पेशामा महिला शिक्षिकाहरुको समस्या भए नभएको स्थिति**

| समस्या | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | २४ | ६० |
| नभएको | १६ | ४० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

उपरोक्त सर्वेक्षण अनुसार शिक्षण पेशामा समस्या भएको ६० प्रतिशत र समस्या नभएको ४० प्रतिशत उत्तरदाता रहेको पाइयो ।

प्राय उत्तरदाताहरुले न्यून तलबमा पढाउनु पर्ने, पाठ्यक्रम उपलब्ध नहुने, लामो समयसम्म पढाउदा स्थायी नगर्ने, बढी समय पढाउनु पर्ने जस्ता समस्यालाई उजागर गरेका थिए । यसरी महिला शिक्षिकाहरुमा रहेका समस्यालाई मध्यनजर गरेको पाइन्छ । जुनसुकै बेलामा पनि उनीहरुलाई पदबाट मुक्त गर्न सक्ने समस्यालाई उनीहरुले व्यक्त गरेका थिए ।

**तालिका न.१३ सामाजिक सघ संस्थामा महिला शिक्षिकाहरु संलग्न भए नभएको स्थिति**

| संलग्न | संख्या | प्रतिशत |
|---|---|---|
| भएको | १६ | ४० |
| नभएको | २४ | ६० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १९ अनुसार जम्मा उत्तरदातामध्ये सबैभन्दा बढी सामाजिक संघ संस्थामा नलागेका उत्तरदाताहरु ६० प्रतिशत रहेका छन् भने त्यसमा संलग्न भएको उत्तरदाताहरु ४० प्रतिशत रहेका छन् । शिक्षण पेशामा संलग्न महिला शिक्षिकाहरु घरभित्रको काम गर्नुपर्ने र वालबच्चाको रेखदेखका साथै परिवारको पनि हेरविचार गर्नुपर्ने हुदा समयको अभावले उनीहरु सामाजिक संघ संस्थामा संलग्न हुन नसकेको बुझिन्छ ।

### ५.१.३ भूस्वामित्वको स्थिति

नेपालमा कृषि उत्पादनमा महिलाहरुको योगदान महत्वपूर्ण रहेको छ । पैतृक सम्पतिमाथि महिलाहरुको अधिकार नभएको कारण धेरैजसो महिलाहरुको आफ्नो नाउँमा जग्गा जमिन

नभई परिवारका अन्य सदस्यहरुको नाममा रहेको पाइन्छ । उत्तरदाताहरुको भूस्वामित्वको स्थिति के कस्तो छ तल तालिकामा देखाइएको छ ।

**तालिका नं. १४ भूस्वामित्वको आधारमा महिला शिक्षिकाहरुको विवरण**

| जग्गा जमिन | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| भएको | १२ | ३० |
| नभएको | २८ | ७० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार कुल महिला शिक्षिकाहरुमध्ये जग्गा जमिन नभएका उत्तरदाताहरु ७० प्रतिशत रहेका छन् भने जग्गा जमिन भएका उत्तरदाताहरु ३० प्रतिशत रहेका छन् । उक्त तालिकाबाट के प्रष्ट हुन्छ भने आफ्नो नाममा जग्गा जमिन नभएका महिलाहरु शिक्षित समाजमा भन्दा अशिक्षित समाजमा बढी रहेको पाइन्छ । महिलालाई भन्दा पुरुषलाई बढी महत्व दिने समाज भएको र पैतृक सम्पत्तिमाथि छोराको हक रहने परम्पराले गर्दा यस्तो स्थिति सिर्जना भएको हो ।

### ५.१.४.केटाकेटीको रेखदेख वा हेरचाह

सबै उत्तरदाताहरु घर बाहिर काममा जाने हुँदा उनीहरुको अनुपस्थितिमा केटाकेटीहरुको हेरचाह कसले गर्छ भन्ने कुरा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५ महिला शिक्षिकाहरुको अनुपस्थितिमा उनीहरुको केटाकेटीको रेखदेख गर्ने स्थिति**

| केटाकेटीको रेखदेख गर्ने | संख्या | प्रतिशत |
|---|---|---|
| श्रीमानले | ४ | १० |
| सासू ससुराले | १८ | ४५ |
| परिवारका अन्य सदस्यले | ६ | १५ |
| शिशु स्याहार केन्द्रले | १२ | ३० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार जम्मा महिला शिक्षिकाहरुमध्ये उनीहरुको अनुपस्थितिमा उनीहरुको बच्चाहरुको रेखदेख गर्ने काम विभिन्न सदस्यहरुबाट हुने गरेको पाइन्छ । जसअनुसार श्रीमानले १० प्रतिशत, सासूससुराले ४५ प्रतिशत, परिवारका अन्य सदस्यले १५ प्रतिशत र शिशु स्याहार केन्द्रले ३० प्रतिशत रहेको पाइन्छ ।

यसबाट के स्पष्ट हुन्छ भने संयुक्त परिवारमा बसोबास गर्ने उत्तरदाताको बच्चाबच्ची सासू ससूरा र परिवारका अन्य सदस्यले रेखदेख गरेको पाइयो भने एकल परिवारमा बस्ने उत्तरदाताको बच्चाबच्ची व्यापार व्यवसाय गर्ने श्रीमानले र दुबैजना नोकरीमा जानेहरुको केही शूल्क तिरी निजि शिशुस्याहार केन्द्रमा रेखदेख गर्ने गरेको पाइन्छ ।

### ५.१.५ विवाहबारे महिला शिक्षिकाहरुको धारणा

महिलाको विवाहको लागि कुनचाहिँ विवाह उपयुक्त हुन्छ भन्ने उत्तरदाताहरुको विचारलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका  नं. १६ विवाहको लागि कुन चाहिँ विवाह उपयुक्त हुन्छ भन्ने बारे उत्तरदाताहरुको धारणा**

| विवाह | संख्या | प्रतिशत |
|---|---|---|
| सजातिय | १६ | ४० |
| अन्तरजातिय | २ | ५ |
| प्रेम विवाह | १४ | ३५ |
| मागि विवाह | ८ | २० |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तलिका न.२१ अनुसार कूल महिला शिक्षिकारुमध्ये सजातिय विवाहमा विश्वास गर्ने उत्तरदाताहरु ४० प्रतिशत, अर्न्तजातिय विवाहमा विश्वास गर्ने ५ प्रतिशत, प्रेम विवाहमा ३५ प्रतिशत र मागि विवाहमा विश्वास गर्ने २० प्रतिशत उत्तरदाताहरु रहेको पाइन्छ । नेपाली समाज परम्परा र संस्कृतिमा विश्वास राख्ने हुनाले महिला शिक्षिकाहरु पनि आफ्नो संस्कार र परम्परा अर्न्तगत रहेर सजातिय विवाहप्रति विश्वास राख्ने महिला शिक्षिकाहरुको संख्या सबैभन्दा बढी भएको पाइयो ।

## ५.२ निर्णय अधिकार

निर्णय प्रक्रियामा  महिलाहरुको सहभागिता उनीहरुको सामाजिक र आर्थिक अवस्था अनुसार पनि फरक फरक हुन्छ । खासगरी शहरी समाजमा महिलाहरु निर्णय प्रक्रियामा बढी सहभागी हुन्छन् । महिला शिक्षिकाहरु आर्थिक रुपले आत्मनिर्भर र स्वतन्त्र भएको हुँदा निर्णय प्रक्रियामा सहभागिता बढी हुन्छ ।

### ५.२.१ पारिवारिक तथा आर्थिक निर्णयमा महिला शिक्षिकाहरुको सहभागिता

पारिवारिक निर्णय प्रक्रियामा महिला शिक्षिकाहरुको सहभागिता दर राष्ट्रिय रुपमा पुरुषको तुलनामा कम रहेको छ । सामाजिक अवस्था अनुसार महिलाहरुको निर्णय प्रक्रियामा सहभागिता फरक फरक हुन्छ ।

शिक्षित, अशिक्षित, शहरी र ग्रामिण क्षेत्र अनुसार निर्णय प्रक्रियामा महिलाहरुको स्थिति भिन्न भिन्न रहेको हुन्छ । प्रस्तुत अध्ययन शहरी क्षेत्रको शिक्षित वर्गको भएको कारणले निर्णय प्रक्रियामा महिलाहरुको केही बढी सहभागिता रहेको छ ।

**तालिका नं.१७ पारिवारिक निर्णय प्रक्रियामा उत्तरदाताहरुको सहभागिताको स्थिति**

| निर्णय गर्ने | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ८ | २० |
| श्रीमान | ४ | १० |
| दुबैले | २२ | ५५ |
| सासू ससुराले | ६ | १५ |
| जम्मा | ४० | १०० |

स्रोतं स्थलगत सर्वेक्षण, २०७३

तालिका अनुसार कूल महिला शिक्षिकाहरुमध्ये पारिवारिक निर्णय प्रक्रियामा उत्तरदाता आफैले निर्णय गर्ने २० प्रतिशत, श्रीमानले मात्र निर्णय गर्ने १० प्रतिशत, श्रीमान श्रीमती (दुबै) ले निर्णय गर्ने ५५ प्रतिशत र सासू ससुराले निर्णय गर्ने १५ प्रतिशत रहेका छन् , प्रस्तुत अध्ययनमा पारिवारिक निर्णय प्रक्रियामा श्रीमान श्रीमती दुबैको सल्लाहले निर्णय गर्ने सबैभन्दा बढी भएको पाइयो । दुबैले परिवारमा निर्णय गर्दा समझदारी कायम हुने र उक्त निर्णय दिगो हुने उत्तरदाताहरुको भनाई रहेको थियो ।

जसले निर्णय प्रक्रियामा महिला सहभागिता पुरुषहरु समान नै रहेको पाइन्छ । हाल महिलाहरु शिक्षित हुदै गइरहेको अवस्थामा दुबैले निर्णय गर्ने संख्या बढेको पाइयो ।

**तलिका नं. १८ आर्थिक निर्णय प्रक्रियामा उत्तरदाताहरुको सहभागिता**

| निर्णय गर्ने | उत्तरदाताहरुको संख्या | प्रतिशत |
|---|---|---|
| आफै | ६ | १५ |
| श्रीमान | १४ | ३५ |
| दुबै | १८ | ४५ |
| सासू ससुरा | २ | ५ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका अनुसार कूल महिला शिक्षिकाहरुमध्ये आर्थिक निर्णय प्रक्रियामा आफै निर्णय गर्ने उत्तरदाताहरु १५ प्रतिशत, श्रीमानले निर्णय गर्ने ३५ प्रतिशत, दुबैले निर्णय गर्ने ४५ प्रतिशत र सासू ससुराले निर्णय गर्ने ५ प्रतिशत रहेका छन् ।

यसप्रकार पारिवारिक निर्णय प्रक्रियामा महिला शिक्षिकाहरुको सहभागिता बढी र आर्थिक निर्णय प्रक्रियामा महिला उत्तरदाताको संख्या कम रहेको पाइयो । पितृप्रधान वा पितृसत्ता रहेको समाजमा सम्पत्तिको चलखेल र निर्णय कार्यमा पुरुषहरु नै अगाडी हुन्छन् । प्रस्तुत अध्ययन जिल्लाको ग्रामीण क्षेत्र नभई शहरी क्षेत्र भएकोले र शहरी क्षेत्रमा शिक्षित समाज हुने भएकोले दुबैले निर्णय गर्ने प्रतिशत बढी रहेको पाइयो ।

### ५.२.२ स्थानिय नीति निर्माण तहमा महिलाहरुको सहभागिता

स्थानीय नीति निर्माण तह भन्नाले आफ्नो गाउँ, समाज टोललाई बुझिन्छ । स्थानीय क्षेत्रमा हुने विभिन्न कार्यक्रमहरुमा महिलाहरुको सहभागिता के कस्तो रहेका छ र उनीहरुले समाजमा खेलको भुमिकाको बारेमा तलको तालिकाबाट प्रष्टयाईको छ ।

**तालिका नं. १९ स्थानिय नीति निर्माण तहमा महिलाहरुको सहभागिता**

| महिला सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| राजनैतिक संलग्नता | १५ | ३८ |
| स्थानीय महिला जागरण | २० | ५० |
| स्थानीय संघ संस्थामा संलग्न | ५ | १२ |
| जम्मा | ४० | १०० |

स्रोत स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १९ अनुसार स्थानिय नीति निर्माण तहमा महिलाहरुको सहभागिता सम्बन्धमा सबैभन्दा बढी स्थानीय महिला जागरण २० जना अर्थात् ५० प्रतिशत, राजनैतिक संलग्नतामा १५ जना अर्थात् ३८ प्रतिशत र स्थानीय संघ संस्थामा संलग्न ५ जना अर्थात् १२ प्रतिशत रहेको पाइयो । स्थानिय महिला जागरण र राजनैतिक संलग्नता बढी रहेको पाइयो ।

### ५.३ महिला शिक्षिकाहरुको व्यक्तिगत अध्ययन

व्यक्तिगत अध्ययन एउटा महत्वपूर्ण विधि हो । जसले व्यक्तिको जीवनशैलीको ज्ञान हुनाका साथसाथै अन्य सामाजिक, आर्थिक तथा अन्य व्यक्तिगत निर्णय अधिकारको अवस्था जान्नका लागि सहयोग गर्दछ ।

यस अनुसन्धानमा दुई जना महिला शिक्षिकाहरुको बारेमा सम्पूर्ण अध्ययन गरिएको छ । यस अध्ययनमा वर्णनात्मक विधिको प्रयोग गर्नुका साथै तथ्याङ्क संकलन विधिका प्राथमिक र अर्न्तवार्ता विधिको प्रयोग गरिएको छ । अर्न्तवार्ताको क्रममा प्रश्नावलीको

आधारमा तथ्याङ्क संकलन गर्नुका साथै प्रत्यक्ष रुपमा अन्र्तवार्ता लिई महिला शिक्षिकाहरुको समग्र अध्ययन गरिएको थियो ।

### ५.३.१. शर्मिला कुँवर

शर्मिला कुवँर ३० वर्षिय महिला शिक्षिका हुन् । उनी मदरल्याण्ड बोडिङ्ग स्कूलमा प्राथमिक तहमा पाचँ वर्षदेखि अध्यापन गराउदै आएकी छन् । त्यसभन्दा पहिले दुई वर्षसम्म गौरिशंकर आवासीय स्कूलमा अध्यापन गराएको र उक्त विद्यालय भन्दा हाल अध्यापन गर्दै आएको विद्यालयमा राम्रो सेवा सुविधा दिएकोले आफू उक्त विद्यालय परिवर्तन गरेको बताइन् । उनी विवाहित भएको र उनको परिवारमा सासू, ससूरा, दुई देवर र दुई छोरी गरी सात जनाको परिवार रहेको छ । उनीले अध्यापन सँगसँगै स्नातकोत्तर तहमा अध्ययनलाई पनि अगाडी बढाएकी छन् । उनको मासिक आम्दानी १५ हजार रहेको छ ।

उनले प्राथमिक तहमा अध्यापन गराउने हुँदा कहिलेकाही सानो बच्चालाई सिकाउन गाह्रो पर्ने उनको भनाई छ । उनलाई प्राथमिक तहको जिम्मा दिएको हुनाले उक्त तहका विद्यार्थीप्रति उनको अत्याधिक उत्तरदायित्व रहेको छ । कहिलेकाही घरमा बच्चा बिरामी हुँदा बच्चालाई समय दिन पनि गाह्रो हुने गर्दछ । आफ्नो विद्यालयमा सम्पूर्ण शिक्षण सामग्री प्रयोग गरेर पठनपाठन हुने, विद्यार्थीलाई कडा अनुशासनमा राख्ने गरेको र शिक्षिका र विद्यार्थीबीचमा राम्रो सम्बन्ध भएको उनको भनाई छ । उनी आफ्नो पेशाप्रति सन्तुष्ट भएतापनि कहिलेकाही बालबच्चा तथा परिवारका सदस्यहरुलाई रेखदेख गर्ने प्रर्याप्त समय नहुने, पेशाको सुरक्षा नहुने, ठीक समयमा मासिक आम्दानी नपाउने, बिदाको समयमा पनि बिदा नपाउने र विद्यालयमा कामको लोड धेरै असन्तुष्ट भएको बताइन । उनी समाजमा हुन विभिन्न प्रकारका सामाजिक कृयाकलापहरुमा सहभागिता हुँदा आफ्नो समाजप्रतिको दायित्वबोध हुने कुरा बताईन । उनी संयुक्त परिवारमा बस्ने भएकोले पनि घरायसी कार्यमा पनि उनलाई सहयोग हुने गर्दथ्यो । सानो उमेरमा नै उनको विवाह भएकोले हाल उनी शिक्षण पेशासँगै अध्ययनलाई पनि अगाडी बढाएकी छन् ।

समग्रमा भन्नुपर्दा शैक्षिक योग्यता, छोटो दुरीमै विद्यालय पुग्न सकिने, आत्मविश्वासमा वृद्धि, नयाँ नयाँ सीप सिक्ने र सुधार गर्ने अवसर पाएको  हुँदा आफ्नो पेशाप्रति सन्तुष्ट नै भएको उनको भनाई छ ।

### ५.३.२ सुशिला पन्थी

सुशिला ४५ वर्षकी माध्यामिक विद्यालयकी महिला शिक्षिका हुन् । उनले उक्त विद्यालयमा तिन वर्षदेखि काम गर्दै आइरहेकी छन् । रमिता  सन्धिखर्क इङ्गलिस बोर्डिङ स्कुलमा अध्यापन गर्दछिन् । उनी विवाहित शिक्षिका दुईछोरी एक छोरा र श्रीमान गरी पाँच जना रहेका छन् । उनले नेपाली विषयमा स्नात्तकोत्तर गरेकी छन् । दिनमा सात पिरियड पढाउने उनको मासिक आम्दानी अठार हजार रहेको छ । आफू उक्त विद्यालयको स्थायी शिक्षिका भएको र उनले उक्त विद्यालयमा केही रकम पनि लगानी गरेको बताइन् । उनी सानैदेखि उक्त पेशा मन पराउने र आफ्नो इच्चा त्यसमै भएकोले आफू शिक्षण पेशामै आकर्षित भएको उनको भनाई छ । उक्त विद्यालयको शिक्षण विधि राम्रो भएको, सम्पूर्ण शिक्षण विधि प्रयोगात्मक रुपमा पठनपाठन गराइने जानकारी दिइन् ।

सरकारी विदाहरुमा पनि विद्यालय जानुपर्ने, बालबच्चा बिरामी हुँदा पनि विदा नपाइने,पूरा समय विद्यालयमा पढाउनु पर्ने जस्ता कारणले कहिलेकाही आफ्नो पेशाप्रति दु: खी भएको बताइन् । समाजमा हुने विभिन्न खालका सामाजिक कृयाकलपमा सहभागि हुदाँ आफ्नो चेतना बृद्धि भएको कुरा पनि बताउनुभयो । उनलाई घरपरिवारबाट सहयोग प्राप्त भएको छ । उनी पारिवारिक निर्णय प्रक्रिया,आर्थिक निर्णय प्रक्रिया जस्ता क्रियाकलापमा पनि आफ्नो राम्रो भूमिका भएको उनको भनाई छ । आफ्नो घर नजिकै विद्यालय भएको,  आत्मविश्वासको वृद्धि भई नयाँ नयाँ सीपहरु सिक्ने र सुधार गर्ने मौका समेत हुने हुँदा आफू सन्तुष्ट भएको उनको भनाई छ ।

# अध्याय ६
# सारांश र निष्कर्ष

## ६.१ सारांश

यो अध्ययन अर्घाखाँची जिल्लाका निजि विद्यालयहरुमा कार्यरत शिक्षिकाहरुको सशक्तीकरण र निर्णय निर्माण भूमिकामा केन्द्रित रहेको छ । यसमा विभिन्न विद्वानद्वारा महिलाहरुको सामाजिक आर्थिक स्थितिका बारेमा गरिएका खोज ग्रन्थहरुलाई अध्ययन गरी उपयुक्त विषयवस्तुलाई पुनरावलोकन गर्ने प्रयास गरिएको छ । अध्ययनका लागि वर्णनात्मक र अन्वेषणात्मक पद्वति अपनाइएको छ ।

प्राथमिक तथा द्वितिय विधिबाट तथ्याङ्क संकलन गरिएको छ । प्राथमिक तथ्याङ्क क्षेत्रगत अध्ययनबाट प्रश्नावली, अर्न्तवार्ता, व्यक्तीगत अध्ययनविधि अपनाई संकलन गरिएको छ । गुणात्मक तथ्याङ्कलाई बढी प्राथमिकता दिइएको छ ।

यस जिल्लाका नमूना छनौटमा परेका विद्यालयहरुमा गएर उद्देश्यमूलक नमूना छनौटबाट ४० जना शिक्षिकाहरुलाई अध्ययनको लागि छनौट गरिएको थियो । यी उत्तरदाताहरुलाई अध्ययनको लागि तयार पारी प्रश्नावली भर्न लगाई तथ्याङ्क संकलन गरिएको थियो । यस अध्ययनमा २ जना शिक्षिकाहरुलाई सशक्तीकरण र निर्णय पक्षको सुक्ष्म अध्ययनको लागि व्यक्तिकगत अध्ययनको रुपमा छनौट गरिएको थियो । संकलित तथ्याङ्कहरुलाई सम्पादन गर्ने, तालिकावद्ध गर्ने र क्रमैले विश्लेषण गर्ने कार्य गरिएको छ । तथ्याङ्क विश्लेषण गर्दा संख्यात्मक र गुणात्मक दुबै विधिलाई ग्रहण गरिएको छ ।

अध्ययनमा उत्तरदाताहरुको सशक्तीकरण र निर्णयको अवस्थामा विश्लेषण गरिएको छ । छनौटमा परेका उत्तरदाताहरुको सशक्तीकरण र निर्णयको अवस्था थाहा पाउन उत्तरदाताहरुको उमेर, धर्म, वैवाहिक स्थिति, परिवारको संरचना, घरमूलिको अवस्था, शैक्षिक स्थिति, आर्थिक तथा पारिवारिक निर्णय गर्ने स्थिति, पारिवारिक पेशागत विवरण,

रोजगारीको स्थिति, निजि तथा पारिवारिक मासिक आम्दानीको स्थिति, घर तथा जमिन माथिको स्वामित्वको स्थिति,उत्तरदाताको अनुपस्थितिमा केटाकेटीको रेखदेख गर्ने स्थिति, आदि विविध पक्षको अध्ययन गरी महिला सशक्तीकरणमा देखिएका समस्याहरुलाई प्रकाश पार्ने प्रयास गरिएको छ । संकलित तथ्याङ्कलाई तथ्याङ्कीय पद्वति अनुसार विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट के स्पस्ट हुन्छ भने शिक्षण पेशामा संलग्न शिक्षिकाहरुको सशक्तीकरण र निर्णयमा अन्य ग्रामीण तथा अशिक्षित निम्न वर्गीय महिलाहरुको तुलनामा व्यापक परिवर्तन आएको र प्रगति भएको पाइन्छ ।

उत्तरदाताहरुलाई उमेर अनुसार वर्गीकरण गरिएको छ । उत्तरदाताहरु विभिन्न उमेर समूहका रहेका छन् । १९ वर्ष भन्दा माथिका उत्तरदाताहरुलाई ५/५ वर्ष फरकमा वर्गीकरण गर्दा सबैभन्दा कम ४५ वर्षभन्दा माथि उमेर समूहका उत्तरदाताहरु बढी भएको पाइयो । त्यसैगरी उत्तरदाताहरुलाई वैवाहिक आधारमा हर्ने हो भने विवाहित उत्तरदाताहरु ७० प्रतिशत छन् भने अविवाहित २५ प्रतिशत रहेका छन् । यसप्रकार विवाहित उत्तरदाताहरु बढी हुनुमा आर्थिक कारण नै प्रमुख रहेको पाइयो । अध्ययन क्षेत्र शहरी क्षेत्र भएको हुँदा एकजनाको कमाईले परिवारका सदस्यलाई हेर्न गाह्रो हुने भएकोले विवाहित महिलाहरु नै शिक्षण पेशामा बढी सरिक भएका छन्

पारिवारिक संरचनाको आधारमा उत्तरदाताको स्थिति अध्ययन गर्दा अधिकांश ७५ प्रतिशत उत्तरदाताहरु एकल परिवारमा बसोबास गर्दछन् । छोरालाई बढी महत्व दिइने संकुचित प्राचिन धारणामा परिवर्तन आएकोले छोरा र छोरीलाई समान प्राथमिकता दिने उत्तरदाता ५५ प्रतिशत रहेको पाइयो भने आर्थिक निर्णय प्रक्रियामा दुबै मिलेर गर्नेमा ४५ प्रतिशत रहेको पाइयो । उत्तरदाताहरुको शैक्षिक स्थिति उच्च रहेकोले आयआर्जन र काममा सामेल भएको हुनाले उनीहरुको आर्थिक स्थिति राम्रो भएको पाइयो ।

स्थानीय तहमा महिलाहरुको सहभागिता र निर्णय भन्ने विषयमा अनुसन्धान गर्दा राजनैतिक कृयाकलाप, स्थानीय संघसंस्थाद्धारा विभिन्न आयोजित कार्यक्रमहरु र महिला जागरणमा अन्य ग्रामिण महिलाको तुलनामा उनीहरुलाई राज्यले प्रदान गर्ने विभिन्न सेवा सुविधा र सहुलियको बारेमा थाहा भएको पाइयो ।

## ६.२ निष्कर्ष

विगतका दशकहरुभन्दा हाल औषत आयु शैक्षिक उपस्थिति, प्रतिव्यक्ति आय जस्ता परिसूचकहरुमा वृद्धि भएको र महिलाहरुको स्थितिमा प्रगति भएको देखिन्छ । वर्तमान नेपाली महिलाहरु आधुनिकता तथा विकासको बाटोमा उन्मुख रहेका छन् । नेपाली समाजमा महिलाहरुको शैक्षिक स्थिति वृद्धि गरी रोजगारीको अवसर उपलब्ध गराउनु र निर्णय निर्माणमा महिलाको भूमिका प्रभावकारी बनाउन जोड दिनु ।

प्रस्तुत शोधपत्र अर्घाखाँची  जिल्लाका निजि क्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षिकाहरुको महिला सशक्तिकरण र उनीहरुको निर्णय निर्माणमा खेलेको भूमिकाबारे अध्ययन गरी उनीहरुको निर्णय अधिकारबारे प्रकाश पार्ने शिलशिलामा तयार पारिएको यस अनुसन्धानमा १९ देखि २४ उमेर समूहका र ३० देखि ३४ उमेर समूहका ब्राहमण र क्षेत्री जातिका हिन्दू धर्म मान्ने, एकल परिवारमा बस्ने, विवाहित र स्नातक तह उत्तीर्ण गरेका उत्तरदाताहरुको बाहूल्यता रहेको छ ।

प्रस्तुत अध्ययनका क्रममा अपनाईएका विभिन्न विधि प्रक्रिया र पद्धतीहरुको आधारमा गरिएको तथ्याङ्क संकलन विश्लेषणका आधारमा देहाय बमोजिम निष्कर्ष दिन सकिन्छ :

उत्तरदाताको पारिवारिक पेशा अन्तर्गत नोकरी, शिक्षण र बैदेशिक रोजगारमा सबैभन्दा बढी संख्या भएको पाइयो ।

यस अध्ययन क्षेत्रका महिला शिक्षिकाहरुको आम्दानी फरक फरक हुनुको मुख्य कारण उनीहरुको शैक्षिक तह भएको पाइयो ।

प्रायउ त्तरदाताहरुको न्युन तलबमा पढाउनु पर्ने, पाठ्यक्रम उपलब्ध नहुने, लामो समयसम्म पढाँउदा स्थायी नगर्ने, बढी समय पढाउनु पर्ने जस्ता समस्यालाई उजागर गरेका थिए । यसरी महिला शिक्षिकाहरुमा रहेका समस्यालाई मध्यनजर गरेको पाइन्छ । जुनसुकै बेलामा पनि उनीहरुलाई पदबाट मुक्त गर्न सक्ने समस्यालाई उनीहरुले व्यक्त गरेका थिए ।

शिक्षण पेशामा संलग्न महिला शिक्षिकाहरु घरभित्रको काम गर्नुपर्ने र बालबच्चाको रेखदेखका साथै प्‍रिवारको पनि हेरविचार गर्नुपर्ने हुँदा समयको अभावले उनीहरु सामाजिक संघसंस्थामा संलग्न हुन नसकेको बुझिन्छ ।

महिलालाई भन्दा पुरुषलाई बढी महत्व दिने समाज भएको र पैतृक सम्पत्तिमाथि छोराको हक रहने परम्पराले गर्दा यस्तो स्थिति सिर्जना भएको हो ।

निर्णय निर्माण तहको सबैभन्दा महत्वपूर्ण पक्ष सशक्तीकरण हो । यसको प्रभावकारी कार्यान्वयनका लागि महिलाहरुलाई समुदायमा हुने विभिन्न सामाजिक कृयाकलाहरुमा अनिवार्य सहभागिता गराई महिला, शिक्षा, रोजगारी तथा समानता समावेशीताको आधारमा सबै वर्ग समुदायका महिलाहरुलाई सशक्त र निर्णयकारी भूमिकामा पुऱ्याउन सबैको पहल र समर्थन जरुरी रहने कुरा निर्ष्कषका रुपमा दिन सकिन्छ ।

## सन्दर्भग्रन्थ सूची

संयुक्त राष्ट्रसंघिय विकाश कार्यक्रम (२००१), मानव विकास प्रतिवेदन पुल्चोक, काठमाडौँ

संयुक्त राष्ट्रसंघिय विकाश कार्यक्रम (२००५), मानव विकास प्रतिवेदन पुल्चोक, काठमाडौँ ।

संयुक्त राष्ट्रसंघिय विकाश कार्यक्रम (२००९), मानव विकास प्रतिवेदन पुल्चोक, काठमाडौँ ।

सापकोटा, केशवराज (२०६६), लैङ्गिक अध्ययन समाजशास्त्रीय विश्लेषण, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

श्रेष्ठ, चन्द्रबहादुर र कोइराला विद्यानाथ (२०६६), शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार, विद्यार्थी पुस्तक भण्डार काठमाडौँ ।

बजगाई, रेणुका (२०५७), मानव अधिकार आवाज मानवअधिकारवादी युवा कानूनी व्यवसायी ।

दाहाल, रेणुका (२०६४), मानव अधिकार आवाज मानवअधिकारवादी युवा कानूनी व्यवसायी ।

आचार्य, बलराम (२०७०), लैङ्गिक र महिलावादी अध्ययन, नेशनल बुक्स सेन्टर, काठमाडौँ ।

आचार्य, बलराम (२०६६), अनुसन्धान पद्धति तथा प्रतिवेदन लेखन नेशनल बुक्स सेन्टर भोटाहिटी ।

अर्याल, भोजेन्द्र (२०६४), लैङ्गिक अध्ययन ज्ञानकुञ्ज प्रकाशन कीर्तिपुर, काठमाडौं ।

अर्याल, भोजेन्द्र (२०६८), लैङ्गिक तथा महिलावादी अध्ययन, काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

मुरारी, निरौला (२०६६), प्रहरी सेवामा महिला सहभागिता (शोधपत्र) समाजशास्त्र/मानवशास्त्र विभागमा मणिग्राम ।

नेपालको संविधान नेपाल सरकार कानून किताब खाना, बबरमहल, काठमाडौं ।

नेपालको शिक्षा आयोगका प्रतिवेदनहरु (२०५९), मकालु बुक्स एण्ड स्टेशनर्श पुतलिसडक, काठमाडौं ।

जीवनस्तर मापन सर्वेक्षण २०६०/०६१, नेपाल सरकार राष्ट्रिय योजना आयोग ।

वाग्ले, मनप्रसाद र कार्की उपेन्द्रमान (२०६३), शिक्षाको सिद्धान्त विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

पोखरेल, नानीराम (१९९९), लैङ्गिक अध्ययन समाजशास्त्रीय विश्लेषण, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

पाण्डे, शान्ति (२०६१), ललितपुरका नीजि क्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षिकाहरुको सामाजिक, आर्थिक अवस्था एक समाजशास्त्रीय अध्ययन समाजशास्त्र/मानवशास्त्र केन्द्रिय विभाग किर्तिपुर ।

शिक्षा विभाग (२०६४), जेन्डर प्रशिक्षण पुस्तिका सानोठिमी भक्तपुर ।

लैङ्गिक समविकाश शिक्षा (२०६७), शिक्षा विभागबाट प्रकाशित वार्षिक शैक्षिक प्रकाशन ।

लैङ्गिक समविकाश शिक्षा (२०६६), शिक्षा विभागबाट प्रकाशित वार्षिक शैक्षिक प्रकाशन ।

युनेस्को, (२०००), सबैको लागि शिक्षा कार्यान्वयनको लागि डकार कार्य ढाँचा काठमाडौं ।

कोइराला, विद्यानाथ र आचार्य सुशन (२०६१), सामाजिक न्यायको सेरोफेरोमा शिक्षा, विद्यार्थी पुस्तक भण्डार, काठमाडौं ।

गोयल, आशिमा (२००८), इन्डिया टुडे दिल्ली लिविगं मिडिया इन्डिया ।

शर्मा, शारदा (२०६३), अग्निस्पर्श एकता प्रकाशन थापाथली, काठमाडौं ।

Bhaslin, Kamala (2002), Understading gender, New Delhi.

## प्रश्नावली

१. नाम ……………….

२. जातजाति…………….

३. धर्म…………………..

४. भाषा…………………………………

५. वैवाहिक स्थिति कस्तो छ ?

क. विवाहित    ख. अविवाहित    ग. विधुवा    घ.पारपाचुके

६. पारिवारिक वनोट कस्तो छ ?

क. संयुक्त परिवार    ख. एकल परिवार

७. पारिवारिक सदस्य संख्या कति छ ?

क. जम्मा ख. पुरुष संख्या ग. महिला संख्या

८.छोरा र छोरीमा बढी प्राथमिकता कुनलाई दिनुहुन्छ ?

क. छोरालाई ख. छोरीलाई ग. दुबैलाई

९. परिवारको मुख्य मान्छे (घरमूलि) को हो ?

क. आफै ख. श्रीमान ग. सासू घ.ससूरा

१०. शैक्षिक स्थिति कस्तो छ ?

क. एस.एल.सी. ख. प्रमाणपत्र तह ग. स्नातक तह घ.स्नात्तकोत्तर तह

११. अध्यापन गर्ने तह कुन हो ?

क. प्राथमिक ख. निम्न माध्यामिक ग. माध्यामिक घ. दश दुई जोड

१२. स्थानिय नीति निर्माण तहमा तपाईको सहभागिता कुनामा छ ?

क. राजनैतिक संलग्नता ख. स्थानिय महिला जागरण ग. स्थानिय संघ संस्थामा संलग्नता

१३. तपाईले यो क्षेत्रमा काम गर्न थाल्नु भएको कति वर्ष भयो ?

क. चार वर्षभन्दा कम ख. पाँच वर्ष पूरा ग. दश वर्ष पूरा घ. छ वर्ष

१४. यो पेशामा आफू सन्तुष्ट हुनुहुन्छ ?

क. छु ख. छैन

१५. परिवारका अन्य सदस्यहरुको पेशा के छ ?

क. कृषि ख. व्यापार ग. शिक्षण घ. नोकरी

१६. तपाईको मासिक आम्दानी कति होला ?

क.३ देखि ५ हजार ख. ६ देखि ९ हजार

ग. ९ देखि १२ हजार घ.१२ देखि १५ हजार

१७. तपाईको आफ्नो नाममा जग्गा जमिन छ कि छैन ?

क छ ख. छैन

१८. आफ्नो नाममा जग्गा जमिन छ भने कति छ ?

क.विघा ख. रोपनी ग.आना

१९. विद्यालय जानुभन्दा अगाडी के के घरव्यवहारका कामहरु गर्नुहुन्छ ?

क. ...........ख. ..................ग.....................घ. .................

२०.विद्यालयबाट फर्केपछि केके काम गर्नुहुन्छ ?

क................ख.................ग.......................घ.......................

२१. घरभित्रका काममा तँपाईको श्रीमानले तँपाईलाई सघाँउनुहुन्छ कि हुदैन ?

क. सघाँउनुहुन्छ ख. सघाँउनुहुदैन

२२. विद्यालय जाँदा तँपाईको बच्चालाई कस्ले रेखदेख गर्छ ?

क. श्रीमानले ख. परिवारका सदस्यले ग. शिशुस्याहार केन्द्र घ. अन्य

२३. तँपाईको आफ्नो निजि तथा पेवा कुनै सम्पत्ति छ ?

क. छ ख. छैन

२४. घरायसी तथा पारिवारिक निर्णय कस्ले गर्छ ?

क. आफैले ख.श्रीमानले ग. दुबैले घ. सासू ससूराले

२५. तपाईको परिवारमा आर्थिक कारोवारको निर्णय कसले गर्छ ?

क. आफैले  ख. श्रीमानले  ग. दुबैले  घ. सासू ससूराले

२६. शिक्षण पेशाामा कुनै समस्या छ ?

क. छ  ख. छैन

२७. यदि छ भने के कस्तो समस्या छ ?

क. आर्थिक  ख.पाठ्यक्रम  ग. अन्य

२८. कुनै शिक्षण तालिम लिनु भएको छ ?

क. छ  ख. छैन

२९. यदि छ भने कस्तो र कति समयको तालिम लिनु भएको छ ?

क.................ख. .......................ग. ...............

३९. बेलुका कति बजे सुत्नुहुन्छ ?

सुत्ने समय................................

३१. अन्य कुनै सामाजिक संघसंस्थामा संलग्न हुनुहुन्छ ?

क. छु  ख. छैन

३२. कस्तो विवाहलाई उचित ठान्नुहुन्छ ?

क. सजातिय  ख. अर्न्तजातिय

३३. शिक्षिकाहरुको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउनका लागि तँपाईको सुझाव केही छ कि ?

........................................................................................